# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २२७ | काठमाडौं | आइतबार, ३ पुस २०७९ | Prabhab National Daily | Sunday, December 18, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## संक्रमण घटेपछि ल्याइएन खोप

■ शरद शर्मा

**काठमाडौं–** कोरोना भाइरसको संक्रमण घट्दै गएपछि भाइरसविरुद्ध खोप आएको छैन । संक्रमण घट्दै गएको र ठूलो संख्यामा खोप मौज्दात रहेकाले तीन महिनादेखि कोरोना भाइरसविरुद्ध खोप नल्याइएको हो ।

कोरोना भाइरसको संक्रमण घट्दै र खोपको माग पनि कम भएपछि खोप नल्याइएको स्वास्थ्य सेवा विभाग आपूर्ति व्यवस्थापन शाखाप्रमुख डा. सुरेन्द्र चौरसियाले जानकारी दिए । कोरोना संक्रमण कम हुँदै जानु, खोप लगाउने मानिसको संख्या कम हुनु र नेपालमा ठूलो संख्यामा खोप मौज्दात भएकाले थप खोप नल्याइएको हो । अहिले संक्रमण दर एक प्रतिशतभन्दा पनि कम रहेको छ । यही पुस १ गते ८४६ जनाको परीक्षण गर्दा एक जनामा पनि संक्रमण देखिएको छैन ।

उनका अनुसार अन्तिमपटक भदौ २७ गते कोभ्याक्समार्फत १४ लाख ९९ हजार ९४० मात्रा खोप ल्याइएको छ । त्यसयता सरकारले खोप ल्याइएको छैन । 'अहिले प्रदेश र जिल्लाबाट खोपको माग भएको छैन । माग नभएपछि त्यतिकै राख्नुपर्दछ भनेर हामीले खोप ल्याएका छैनौं,' उनले भने, 'तर बुस्टर डोजका लागि आवश्यक खोप भने ल्याउँछौं ।'

उनले खोपको माग कम भएपछि खोप नल्याइएको बताए । 'नेपाल ल्याएर खपत नहुने र म्याद सकिने डरले सम्झौता गरेको खोप पनि अहिले ल्याएका छैनौं,' उनले भने, 'आवश्यकता अनुसार सम्झौता गरिएको खोप ल्याउँछौं ।' सम्झौता गरिएको मध्ये दुईपटक गरेर ३७ लाख मात्रा खोप भने नेपाल आइसकेको छ ।

**बुस्टर डोजका लागि ल्याइने**

सरकारले बुस्टर डोजका लागि भने खोप ल्याउने तयारी गरेको छ । पहिलो र दोस्रो मात्रा लगाएका लागि थप मात्रा लगाउन खोप ल्याउने थालेको आपूर्ति व्यवस्थापन शाखा प्रमुख चौरसियाले जानकारी दिए ।

नेपालमा संक्रमणको रोकथाम र नियन्त्रण गर्नका लागि पहिलोपटक भारतबाट सन् २०७७ माघ ८ गते १० लाख मात्रा खोप ल्याइएको थियो । त्यसपछि पटक-पटक गरी अहिलेसम्म छ करोड ३२ लाख ७६ हजार ७१० मात्रा खोप आइसकेको छ । नेपालमा कोभिशिल्ड, भेरोसेल, मोर्डना, एस्ट्राजेनिका, जोन्सन एण्ड जोन्सन र फाइजरलगायतका कोरोना भाइरसविरुद्ध खोप लगाइएको छ ।


नेपालले आफैं खरिद गरेर, दातृ निकायबाट अनुदान र कोभ्याक्स सुविधामार्फत कोरोना भाइरसविरुद्ध खोप ल्याएको छ । उनका अनुसार ४९ लाख २१ हजार ६३२ मात्रा खोप मौज्दात रहेका छन् । सबभन्दा बढी भेरोसेल ४३ लाख ६६ हजार १६६ मात्रा मौज्दात रहेको छ । यस्तै फाइजर ६० हजार ७५६ मात्रा, फाइजर (बालबालिका)लाई लगाउने चार लाख ९४ हजार ७१० मात्रा मौज्दात रहेको छ । सबभन्दा बढी केन्द्रीय भण्डारण केन्द्र टेकुमा ४० लाख मात्रा भेरोसेल मौज्दात रहेको छ । नेपालमा कूल लक्षित जनसंख्यामध्ये ९९.५ प्रतिशतमा पहिलो मात्रा र ९५.७ प्रतिशतमा पूर्ण मात्रा खोप लगाइसकेको छ ।

यस्तै कूल जनसंख्याको ७९.५ प्रतिशत पहिलो मात्रा र ७६.५ प्रतिशत पूर्ण मात्राको खोप लगाइसकेका छन् । *रासस*

### दाहालको नियति

# पहिले प्रधानमन्त्री बनाइदिने अहिले बनाइमाग्ने

■ जेबी योञ्जन



- पाँच वर्षदेखि दाहाल प्रधानमन्त्रीको दौडमा
- ओलीबाट धोका पाएका दाहाललाई देउवाबाट पनि धोकाकै सम्भावना
- दुई वर्षसम्म अविश्वास प्रस्ताव ल्याउन नपाइनाले पहिलो चरणमै प्रधानमन्त्री बन्ने दाहालको चाहना
- पहिलो र दोस्रो संविधानसभामा समर्थन गरेर माधव, झलनाथ र ओलीलाई दाहालले प्रधानमन्त्री बनाएका थिए ।
- अहिले प्रधानमन्त्री बनाइमाग्ने अवस्थामा दाहाल छन्

**काठमाडौं–** सत्तारूढ दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल पाँच वर्षदेखि प्रधानमन्त्री बन्न कोसिस गरिरहेका छन् । प्रधानमन्त्री भए देशवासीले सम्झनालायक काम गर्ने उनको अठोट छ । चुनावपछि देशका विभिन्न ठाउँ पुगेर उनले यही भनाइ राख्दै आएका छन् ।

तर, पाँच वर्षयता भने उनका लागि प्रधानमन्त्री पद 'आकाशको फल, आँखा तरी मर' जस्तै भएको छ । यति हुँदाहुँदै पनि जोडबलचाहिँ प्रधानमन्त्री बन्नेमै छ ।

शनिबार उनले प्रधानमन्त्रीसमेत रहेका सत्ता गठबन्धनको नेतृत्वकर्ता दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग भेटवार्ता गर्दै प्रधानमन्त्रीसहितको पदमा शक्ति बाँडफाँट छिटो गर्नुपर्ने बताए । दाहालनिकट स्रोतले जनाएअनुसार प्रधानमन्त्रीमा सहयोग गर्न पनि दाहालले देउवासँग आग्रह गरे । देउवाले भने संसदीय दलको चुनावसम्म पर्खिन भनेका छन् ।

देउवा-दाहालबीच भेटवार्ता भएको केही घण्टापछि प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा पत्रकारहरूसँग कुरा गर्दै कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले प्रधानमन्त्रीमा दाहालको दाबी स्वाभाविक भएको बताए । तर, सरकारको नेतृत्व कांग्रेसले गर्दा उपयुक्त हुने महतको भनाइ छ ।

'निर्वाचनबाट कांग्रेस ठूलो दल बनेकाले कांग्रेसको प्रधानमन्त्री बन्ने कुरा स्वाभाविक हुन्छ । प्रचण्डजीले पनि प्रधानमन्त्रीमा दाबी त गर्नुभएको छ । यसलाई हामी स्वाभाविक लिन्छौं,' महतले भने, 'तर, सबै रूपमा कांग्रेसको नेतृत्व उपयुक्त हुन्छ ।'

दाहाल नयाँ बन्ने सरकारमा पहिलो चरणमै प्रधानमन्त्री बन्न चाहन्छन् । किनभने, पहिलो प्रधानमन्त्री जो हुन्छ, दुई वर्षसम्म विनाझमेला सरकार सञ्चालन गर्न पाइन्छ । यसबीचमा संसद्मा प्रधानमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव ल्याउन पाइँदैन । सोही कारण पहिलो चरणमै प्रधानमन्त्री हुन दाहालको जोडबल रहेको हो ।

राजनीतिकशास्त्री प्रा.डा. लोकराज बराल भने पहिलो चरणमै प्रधानमन्त्री बन्ने जनादेश दाहाललाई नभएको बताउँछन् । उनका अनुसार प्रधानमन्त्री बन्न जनादेश देउवालाई छ । 'संसद्का हरेक सदस्य प्रधानमन्त्री हुन योग्य त हुन्छन् तर यसो भन्दैमा जनादेशको उपेक्षा गर्ने भन्ने हुँदैन । अहिले चुनावबाट पहिलो दल कांग्रेस भएको छ । प्रचण्डजीको दल तेस्रो भएको छ, त्यो पनि धेरै सिटअन्तरले,' उनले प्रभावसँग भने, 'यसो हुनाले प्रधानमन्त्रीको जनादेश त देउवाजीलाई छ ।'

प्रधानमन्त्री हुन सत्ता गठबन्धनबाट देउवा र दाहाल आकांक्षी छन् । दुवै नेता एकअर्कालाई प्रधानमन्त्री पद छाड्न तयार छैनन् । माओवादीभित्र जसरी पनि सरकारको नेतृत्व गर्नेगरी देउवासँग 'वान-टु-वान' कुरा गरेर टुंग्याउन दाहाललाई दबाब छ । देउवालाई पनि कांग्रेसभित्र कांग्रेसबाहेकलाई पहिलो चरणमा सरकारको नेतृत्व गर्न दिन नहुने मत बलियो छ । हुन त देउवा र दाहालबीच चुनावसम्म देउवा र चुनावपछि दाहाल प्रधानमन्त्री हुने भन्ने भद्र सहमति भएको चर्चा पनि छ । यसैलाई लक्षित गर्दै कांग्रेस महामन्त्री गगनकुमार थापाले भनिसकेका छन्, 'बन्द कोठामा भएको सहमति मानिँदैन ।'

> प्रधानमन्त्री हुन सत्ता गठबन्धनबाट देउवा र दाहाल आकांक्षी छन् । दुवै नेता एकअर्कालाई प्रधानमन्त्री पद छाड्न तयार छैनन् । माओवादीभित्र जसरी पनि सरकारको नेतृत्व गर्नेगरी देउवासँग 'वान-टु-वान' कुरा गरेर टुंग्याउन दाहाललाई दबाब छ ।

देउवादेखि थापासम्मका नेताहरूका अभिव्यक्तिलाई आधार मान्दा दाहाललाई प्रधानमन्त्री बन्न सहज पटक्कै छैन । तैपनि, देउवासँग प्रधानमन्त्री मागिरहेका छन्, दाहाल । अघिल्लो संसद्मा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग दाहालले प्रधानमन्त्री पद पटकपटक मागेका थिए । जतिबेला ओली र दाहालबीच आलोपालोमा प्रधानमन्त्री बन्ने सहमति भएको पछि खुल्यो । तर, सहमतिको कार्यान्वयन गर्न ओली पटक्कै तयार भएनन् र ओलीविरुद्ध दाहालले मोर्चाबन्दी गरे । ओलीलाई गलाउन अनेक गतिविधि गरे । प्रधानमन्त्री पद भने छाड्न कुनै हालतमा ओली तयार भएनन् । तत्कालीन नेकपमा आन्तरिक मतभेद चुलियो । त्यसकै 'बाइ प्रडक्ट' हो- संसद् विघटन । त्यसविरुद्ध दुई-दुई पटक अदालत (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

## वैदेशिक रोजगार ऐन श्रमिकपक्षीय बनाउन माग

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)ले वैदेशिक रोजगार ऐन, २०६४ लाई श्रमिकपक्षीय बनाउन माग गरेको छ । वैदेशिक रोजगारलाई सुरक्षित र उपलब्धिमूलक बनाउन विद्यमान ऐन तथा कानुनहरूको सुधार गर्दै श्रमिकको हक अधिकारको रक्षाका लागि श्रमिकपक्षीय बनाउन माग गरेको हो ।

अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसको अवसर पारेर राजधानीमा आयोजित कार्यक्रममा सहभागीहरूले समयानुकूल हुनेगरी श्रमिकको हकहितमा नयाँ वैदेशिक रोजगार ऐन, नीति र अन्य आवश्यक कानुनी प्रबन्ध गर्नुपर्ने बताएका छन् । विद्यमान कानुनका कतिपय विषयहरू अझै कार्यान्वयनमा आउन नसकेको भन्दै जिफन्टले महसुस हुनेगरी नीति तथा कार्यक्रम लागू गर्नुपर्ने जनाएको छ । वैदेशिक रोजगारलाई सुरक्षित र उपलब्धिमूलक बनाउन केही नेपाल ऐन संशोधन, २०७५ मार्फत श्रमिकलाई पठाउने म्यानपावरहरूको धरौटी वृद्धि, एकाघरका सदस्यको नाममा भएका म्यानपावर कम्पनी गाभ्ने, ठगीको उजुरी स्थानीय जिल्ला प्रशासन कार्यालयमार्फत अघि बढाउने, वैदेशिक रोजगार बोर्डले दिने आर्थिक सहायतालगायतका सेवाहरू स्थानीय तहमार्फत नै उपलब्ध गराउनेलगायतका व्यवस्था सकारात्मक भए पनि अप्ठचारोमा परेका श्रमिक वा तिनका परिवारका सदस्यले अपेक्षाकृत सहयोग राज्यका निकायबाट पाउन नसकेको जिफन्टले उल्लेख गरेको छ ।

कुनै पनि नेपाली श्रमिक विदेशमा फौजदारी अभियोगमा जेलमा परेको भएमा निजको प्रतिरक्षा सरकारले गर्ने महत्वपूर्ण नीतिगत व्यवस्था अनुसार आफ्ना नागरिकको तर्फबाट कानुनी प्रतिरक्षा गर्ने नीतिको प्रभावकारी कार्यान्वयन नहुनु दुःखद भएको जिफन्टले जनाएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारमा जान चाहने वा गएकाहरूलाई सही सूचना दिन, समस्यामा परेकाहरूलाई मद्दत गर्न कल सेन्टर सञ्चालनलगायतका कामहरूलाई प्रचारमुखी मात्र नबनाई नतिजामुखी बनाउनुपर्ने खाँचो रहेको औंल्याएको छ । जिफन्टका अध्यक्ष विनोद श्रेष्ठले वैदेशिक रोजगारमा जानेहरूको संख्या दिनानुदिन बढ्दै गइरहेको अवस्थामा उनीहरूको ज्ञान, अनुभव, सीप र दक्षतालाई स्वदेश फर्केपछि मुलुकको श्रमबजारसँग जोड्न र उत्पादनमूलक कार्यमा संलग्न गराउन सरकारले ल्याएको पुनःएकीकरण कार्यक्रमको नीति स्वागतयोग्य भएको बताए ।

'स्वदेश फर्केका हजारौं नेपाली श्रमिक यस कार्यक्रममा आबद्ध हुन र मुलुकको आर्थिक क्रियाकलापमा जोडिन इच्छुक रहेकोले सम्बन्धित सरकारी निकायले यसमा ध्यान दिनु आवश्यक छ,' उनले भने । नेपालको श्रमबजारमा हरेक वर्ष पाँच लाखको हाराहारीमा श्रमिकहरू प्रवेश गर्ने गरेको र उनीहरूका लागि स्वदेशमा नै पर्याप्त रोजगारी नभएका कारण विदेशिने क्रम बढिरहेको श्रेष्ठको भनाइ छ । तसर्थ स्वदेशमा नै पर्याप्त रोजगारीका अवसरहरू सिर्जना गर्न, युवाको परिचालन गरी आर्थिक समृद्धिको आधार तयार पार्न जिफन्टले निरन्तर आवाज उठाउँदै आएको उनले बताए ।

जिफन्टले स्वदेश तथा विदेशमा कार्यरत आमनेपाली श्रमिकहरूको अधिकारका पक्षमा 'जहाँ श्रमिक, त्यहाँ जिफन्ट' भन्ने अभियान नै सञ्चालन गरिरहेको बताएको छ । यसै वर्षबाट प्रवासी श्रमिकलाई समेत सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराई उनीहरूको भविष्य सुनिश्चित गराउन अभियान नै सुरु गरिएको जनाएको छ । जिफन्टले स्वदेशमा यथेष्ट रोजगारी उपलब्ध हुन नसक्दा वैदेशिक रोजगार बाध्यता भइरहेको परिवेशमा अप्ठचारोमा परेका श्रमिकको समस्या समाधानमा नीतिगत तथा संगठनिकरूपमा सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

पछिल्लो समय श्रम स्वीकृत लिई युरोपेली मुलुक जाने नेपाली श्रमिक संख्यामा वृद्धि भए पनि मलेसिया र खाडी मुलुक नै नेपालीको प्रमुख गन्तव्य रहेको जिफन्टले उल्लेख गरेको छ । गन्तव्य मुलुकहरूमा रोजगारीमा पठाउने नाममा म्यानपावर कम्पनीहरू तथा अनधिकृत व्यक्तिहरूले मोटो रकम असुल्ने, अलपत्र पार्ने र ठगी गरेका घटनाप्रति सम्बन्धित निकायको ध्यानाकर्षणसमेत गराइएको छ । जिफन्टले पनि वैदेशिक रोजगारमा जाने वाध्यता भएकाहरूलाई सीप सिकाएर मात्र पठाउन सरकारसँग माग गरेको छ ।

त्यस्तै हरेक वर्ष एक हजारभन्दा धेरै नेपालीले रोजगारीका क्रममा विदेशमा ज्यान गुमाउनुपरेको भन्दै श्रमिकहरूको कार्यस्थल तथा आवासको अवस्था सुधारका लागि गन्तव्य मुलुकसँग सम्झौता कार्यान्वयनमा सरकारले जोड दिनुपर्ने उल्लेख गरेको छ । जिफन्टले यसपालि 'प्रवासी नेपाली श्रमिकको सुनिश्चित भविष्यको लागि सामाजिक सुरक्षा' भन्ने मूल नाराका साथ अन्तर्राष्ट्रिय प्रवासी श्रमिक दिवस मनाउँदै छ ।




# अझै पूरै बाँडिएन मेलम्चीको पानी



■ पूर्णप्रसाद मिश्र

**काठमाडौं–** बहुप्रतिक्षित मेलम्चीको पानी तेस्रोपटक राजधानी आएको आठ दिनसम्म पनि पूरै पानी राजधानीमा वितरण हुन सकेको छैन । मेलम्चीबाट आएको तीन करोड ५० लिटर पानी अझै राजधानीमा वितरण हुन सकेको छैन ।

सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका-१ अम्बाथानस्थित मेलम्ची खोलाबाट ल्याइएको पानी राजधानीमा वितरण सुरु गरिएको आठ दिन पूरा भएको छ । मंसिर १८ गते मेलम्ची खोलाको पूरै अर्थात् १७ करोड ५० लाख लिटर पानी राजधानी आएको थियो । यसको छ दिनपछि अर्थात् मंसिर २३ गते शुक्रबारदेखि राजधानीका धारामा तेस्रोपटक मेलम्चीको पानी वितरण सुरु भएको थियो । पानी वितरण सुरु भएको आठ दिनमा पनि पूरै पानी राजधानीवासीलाई वितरण हुन सकेको छैन ।

छ महिनासम्म बन्द रहेको वितरण सञ्जालमा आएको समस्याका कारण पूरै पानी वितरण गर्न नसकिएको काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) ले जनाएको छ । मेलम्ची खोलाबाट २६.५ किमी सुरुङमा हाली सुन्दरीजल प्रशोधन केन्द्रमा ल्याइएको १७ करोड ५० लाख लिटरमध्ये हाल १४ करोड लिटर पानीमात्र राजधानीमा वितरण भइरहेको छ ।

केयुकेएल आयोजना कार्यान्वयन निर्देशनालयले निर्माण गरेको नयाँ वितरण सञ्जालमा नियमित पानी नहाल्दा केही 'भल्व' मा 'सिक्वेन्स' मिलाउन समय लागेको हो । यसका कारण सबै पानी अझै राजधानीमा वितरण हुन सकेको छैन । १७ करोड ५० लाख लिटर पानी वितरण गर्न अझै केही दिन लाग्ने केयुकेएलका प्रवक्ता प्रकाशकुमार राईले जानकारी दिए ।

मेलम्चीको पानी राजधानीमा वितरणका लागि बनाइएका १० पानी टचांकीमध्ये हालसम्म नौ वटामा पानी पुगिसकेको छ । हालसम्म बोडेस्थित टिग्नी, कटुञ्जे, खुमलटार, मीनभवन, महाँकालचौर, पानीपोखरी, अनामनगर, बालाजु र बाँसबारीका पानी टचांकीमा मेलम्चीको पानी पुगेको छ । कीर्तिपुरको टचांकीमा पानी पुग्न अझै केही दिन लाग्ने उनले सुनाए । केही दिनभित्रमा मेलम्चीबाट ल्याइएको १७ करोड ५० लाख लिटर पानी नै ग्राहकका धारामा पुग्ने छ ।

मेलम्ची खानेपानी आयोजनाले भने मंसिर १८ गतेदेखि नै १७ करोड ५० लाख लिटर पानी राजधानीमा ल्याइसकेको प्रवक्ता राजेन्द्र पन्तले जानकारी दिए । सुरुङ सफा गरेर मंसिर २३ गते शुक्रबारदेखि राजधानीमा खानेपानी वितरण भइरहेको छ । कति ठाउँमा पाइप फुटेका कारण सडकमा पानी जाने समस्या पनि भइरहेको छ । त्यो समस्या समाधान गर्दै पानी वितरण भइरहेको केयुकेएलले जनाएको छ ।

निर्देशनालयले बनाएको नयाँ वितरण सञ्जालका कति स्थानमा अझै पानी परीक्षण हुन सकेको छैन । मेलम्चीको पानी बन्द भएपछि गत असारदेखि पानी परीक्षण पनि रोकिएको थियो । मंसिर १८ गतेदेखि नै १७ करोड ५० लाख लिटर पानी मेलम्ची खोलाबाट राजधानी ल्याइए पनि वितरण सञ्जालमा आएको समस्या र कतिपय स्थानमा परीक्षण गर्दै पानी पठाउनुपर्ने भएकाले १४ करोड लिटर पानीमात्र वितरण भइरहेको हो ।

**पानी नपाएको गुनासो**


मेलम्चीबाट पानी ल्याएर प्रशोधन गरिने सुन्दरीजल क्षेत्रका स्थानीयवासीले पानी नपाउँदा गुनासो गरेका छन् । मेलम्चीबाट ल्याइएको १७ करोड ५० लाख लिटर पानी प्रशोधन हुने गोकर्णेश्वर नगरपालिका-१ महाँकाल र त्यसमुनिका स्थानीयवासीले पानी नपाएको भन्दै गुनासो गरेका हुन् । महाँकालको पारिपट्टि कागेश्वरी मनोहरा नगरपालिकाको वडा नं १ पर्छ । त्यहाँका मानिसले समेत सहजरूपमा खानेपानी पाउन सकेका छैनन् ।

बागमती नदीको मुहान क्षेत्र र मेलम्ची नदीको पानी ल्याएर प्रशोधन गरिने यस क्षेत्रका बासिन्दाले खानेपानी नपाएपछि प्रशोधित पानी राजधानीमा वितरण हुन नदिने जनाएका छन् । यस क्षेत्रका स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिले पनि मेलम्चीको पानी आउँदासमेत मुहानवासीले बागमतीकै पानी पनि पिउन नपाए प्रशोधन केन्द्रबाट पानी बागमती हाल्ने चेतावनी दिँदै आएका छन् ।

स्थानीय भीमसेन काफ्लेले सरोकार भएका निकायलाई सुझाव कार्यान्वयन गर्न अनुरोध गरेका छन् । गोकर्णेश्वर र कागेश्वरी मनोहरा नगरपालिकाका वडामा मेलम्चीको पानी वितरणका लागि नयाँ सञ्जाल निर्माण गरिएको छैन । नयाँ सञ्जाल निर्माण नगरे पुरानै वितरण सञ्जालबाट बागमतीको पानी नियमित दिन स्थानीयवासीले गरेको माग पनि सुनुवाइ नभएको गोकर्णेश्वर नगरपालिकाका प्रवक्ता नारायणबहादुर सुवेदी बताउँछन् ।

गोकर्णेश्वर क्षेत्रमा पानी आउन छोडेको पनि वर्षौं बितेको छ । उचाइमा रहेको यो बस्तीमा पानीको समस्या समाधान गर्न सरोकार भएका निकायलाई अनुरोध गरिएकामा समस्या समाधान नभएपछि नगरपालिकाबाट नै टचांकी बनाउन लागिएको वडाध्यक्ष जयराम महतले बताए । *रासस*

# 'पत्रकारितालाई संकुचित बनाउने प्रयास भइरहेको छ'



**काठमाडौं (प्रस)–** गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले पत्रकारितालाई संकुचित बनाउने प्रयास भइरहेकाले त्यसतर्फ सजग रहन पत्रकारहरूलाई सुझाव दिएका छन् । शनिबार नेपाल पत्रकार महासंघको प्रतिष्ठान प्रदेश समितिको दोस्रो वार्षिक साधरणसभामा उनले पत्रकारिता क्षेत्रको चुनौतीको चर्चा गरे ।

'जहाँ लोकतन्त्र छ, त्यहाँ स्वतन्त्र पत्रकारिता हुन्छ अभिव्यक्तिको स्वतन्त्रता हुन्छ । तर स्वतन्त्रता विस्तारै संकुचनमा गइरहेको छ,' उनले भने, 'यहाँ मात्र होइन संसारमै यो चुनौती देखिन थालेको छ ।' उनले विश्वमा भइरहेको लोकतन्त्रको लडाइँमा साथ दिनका लागि नेपाली पत्रकारको ध्यानाकर्षणसमेत गरे । पूर्वराष्ट्रपति यादवले विश्व परिवेशलाई ध्यान दिनुपर्नेमा जोड दिँदै भने, 'ताइवानमा तीन लाख नेपाली छन् । त्यहाँको आन्दोलनमा के भइरहेको छ ? यता बर्मामा भइरहेको आन्दोलनमा पनि नेपाली पत्रकार र पत्रकारका संघ-संगठनले केही बोल्ने हो कि ?'

कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले श्रम र सम्पादकीय स्वतन्त्रका विषयमा गहन छलफल हुनुपर्ने बताए । 'पत्रकारिताभित्र श्रमको उचित मूल्यांकन हुनसकेको छैन । सम्पादकीय स्वतन्त्रताको अवस्था के छ भन्ने कुरामा समीक्षा गर्नुपर्ने भएको छ,' उनले भने ।

महासंघका प्रतिष्ठान प्रदेशका अध्यक्ष बालकृष्ण अधिकारीले कोरोना महामारीका बीच पनि प्रतिष्ठानले गरेको कामको समीक्षा र आगामी रणनीति निर्माणका लागि छलफल हुने बताए ।

# सातवटै प्रदेश प्रमुखसमक्ष बुझाइयो निर्वाचन परिणाम

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचन आयोगले यही मंसिर ४ गते सम्पन्न प्रदेशसभा सदस्य निर्वाचनको परिणामसहितको प्रतिवेदन प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६२ बमोजिम शनिबार दिउँसो एकैसाथ सातवटै प्रदेशका प्रदेश प्रमुखसमक्ष बुझाएको छ ।

आयोगका प्रमुख निर्वाचन आयुक्त, आयुक्तहरू, सचिव र सहसचिवसहितको टोलीले सबै प्रदेशका सदरमुकामस्थित प्रदेशप्रमुखको कार्यालयमा अलगअलग रूपमा प्रतिवेदन बुझाएको हो । प्रतिवेदन बुझाउन प्रदेश १ मा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया, गण्डकी प्रदेशमा आयुक्त ईश्वरीप्रसाद पौडयाल, लुम्बिनी प्रदेशमा आयुक्त रामप्रसाद भण्डारी, सुदूरपश्चिम प्रदेशमा आयुक्त डा. जानकीकुमारी तुलाधर, मधेस प्रदेशमा आयुक्त सुगनशमशेर जबरा, बागमती



प्रदेशमा सचिव गोकर्णमणि दुवाडी र कर्णाली प्रदेशमा सहसचिव यज्ञप्रसाद भट्टराईको नेतृत्वमा आयोगको टोली पुगेको थियो । ती टोलीबाट प्रदेशगत निर्वाचनको विवरण पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिएको आयोगका सहायक प्रवक्ता कमल भट्टराईले जानकारी दिए ।

प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६२ मा आयोगले प्रदेशसभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन परिणामसहितको प्रतिवेदन निर्वाचनको नतिजा घोषणा भएको सात दिनभित्र प्रदेश प्रमुखसमक्ष पठाउनुपर्ने व्यवस्था छ । आयोगले गत मंसिर २९ गते राष्ट्रपतिसमक्ष समग्र निर्वाचनको प्रतिवेदन पेस गरेको थियो ।

## पहिले प्रधानमन्त्री...

पृष्ठ १ बाट जारी

पुगेर संसद् पुनःस्थापनाको अगुवाइ दाहालले नै लिए । तर, प्रधानमन्त्री भएनन् । बरु, उनैले बूढानीलकण्ठ पुगेर प्रधानमन्त्री बनिदिनुहोस् भनेका देउवा भए ।

अहिले उनै देउवासँग दाहाल प्रधानमन्त्री बनाइदिन आग्रह गरिरहेका छन् । यसका लागि दाहालले एमाले अध्यक्ष ओलीसँग महासचिव देवप्रसाद गुरुङलाई आइतबार भेट गराएर देउवामाथि थप दबाब दिन भ्याए । ओलीसँग गुरुङको भेट गराएर दाहालले प्रधानमन्त्री नछाडे एमालेसँग मिल्न सकिन्छ भन्ने सन्देश घुमाउरो पारामा दिन खोजेको कतिपयको विश्लेषण छ ।

अर्कोतिर, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र स्वतन्त्रबाट चुनाव जितेका कम्युनिस्ट पृष्ठभूमिका तीन सांसदलाई समेटेर मोर्चा बनाउने प्रयासमा दाहाल छन् । मोर्चामा करिब ६० सांसद हुने र प्रधानमन्त्रीको दाबीलाई थप बलियो बनाएर देउवालाई दबाब दिने अर्को रणनीति अख्तियार गर्ने पक्षमा दाहाल देखिएका छन् । तर, मोर्चा भने बनेको छैन । दाहालका यी दुवै रणनीति प्रधानमन्त्री बन्नेसँग केन्द्रित छन् ।

गणतान्त्रिक नेपालको पहिलो प्रधानमन्त्रीसमेत रहेका दाहालको शक्ति पहिलो र दोस्रो संविधानसभामा निर्णायक थियो । संसद्मा रहेका तेस्रो दललाई साथमा लिनेबित्तिकै प्रधानमन्त्री बन्थे । नभए आफ्नो दल माओवादीको समर्थनमा अन्य कुनै दलको नेतालाई प्रधानमन्त्री बनाइदिन्थे । त्यही भएर दाहाल अहिले पनि भन्ने गर्छन्- माधवकुमार नेपाल, झलनाथ खनाल, केपी शर्मा ओलीलाई मैले प्रधानमन्त्री बनाएँ ।

तर, प्रतिनिधिसभा चुनाव २०७४ को नतिजाले ओली र यस पटकको चुनावको नजिताले भने देउवालाई प्रधानमन्त्री बनाइदिन गुहार्नुपर्ने अवस्थामा दाहाल पुगेका छन् । यसपटक प्रधानमन्त्री भए दाहालको यो तेस्रो कार्यकाल हुनेछ ।

उनी पहिलोपटक २०६५ मा नौ महिना र २०७३ सालमा १० महिना प्रधानमन्त्री भएका थिए । त्यसयता प्रधानमन्त्री हुने दाहालको दाहाल सपना पूरा हुन सकेको छैन ।



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

पुस ३ गते, आइतबार

| | |
|---|---|
| **मेष** | महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । |
| **वृष** | राजनीतिक कार्यमा सफलता मिल्नेछ । |
| **मिथुन** | नयाँ कार्यकोयोजना बन्नेछ । |
| **कर्कट** | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **सिंह** | आज लाभहानी, सुखदुःख बराबरी खालको समय छ । |
| **कन्या** | नयाँ कामको थालनी हुने योग छ । |
| **तुला** | सामाजिक र धार्मिक कार्यमा रुचि बढ्नेछ । |
| **वृश्चिक** | विपरीत वर्गबाट विशेष सहयोग मिल्नेछ । |
| **धनु** | अनावश्यक ठाउँमा धन खर्च हुनसक्छ । |
| **मकर** | छोटो दूरीको लाभदायक यात्रा हुनेछ । |
| **कुम्भ** | रोकिएका काम पुनः सुरु हुन सक्छन् । |
| **मीन** | हरेक कामबाट राम्रै लाभ हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

पुस ३ गते, २०७९, १८ डिसेम्बर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.३४ | |
| युरो | १ को | १३८.६६ | १३९.२९ |
| पाउन्ड स्टर्लिङ | १ को | १६०.८९ | |
| स्विस फ्रैन्क | १ को | १४०.६२ | १४१.२६ |
| अस्ट्रेलियन डलर | १ को | ८८.७९ | |
| क्यानाडियन डलर | १ को | ९६.३१ | ९६.७५ |
| सिंगापुर डलर | १ को | ९७.१३ | |
| जापानी येन | १० को | ९.६५ | ९.६९ |
| चिनियाँ युआन | १ को | १८.८९ | |
| साउदी अरब रियाल | १ को | ३४.९३ | ३५.०९ |
| कतारी रियाल | १ को | ३५.८९ | |
| थाई भाट | १ को | ३.७७ | ३.७९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.७६ | |
| मलेसियन रिंगेट | १ को | २९.८२ | २९.९५ |
| दक्षिण कोरियन वन | १०० को | १०.०८ | |
| स्विडिस क्रोनर | १ को | १२.७१ | १२.७७ |
| डेनिस क्रोनर | १ को | १८.६४ | |
| हङकङ डलर | १ को | १६.८६ | १६.९४ |
| कुवेती दिनार | १ को | ४२८.२५ | |
| बहराइन दिनार | १ को | ३४८.४० | ३४९.९९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**कञ्चनजंघा लोकमार्ग** | ताप्लेजुङको सिरिजंगा गाउँपालिका–४ पेदाङबाट देखिएको कञ्चनजंघा लोकमार्ग र विश्वको तेस्रो अग्लो हिमाल कञ्चनजंघा हिमाल । कञ्चनजंघा हिमालको फेँदसम्म पुग्ने कञ्चनजंघा लोकमार्गको अहिले सिरिजंगा गाउँपालिका–६ मामांखे गाउँमा 'ट्र्याक' खोल्ने काम भइरहेको छ । *तस्बिरः दिलकुमार लिम्बू/रासस*

# दुई महिनामै ६१ लाख दान संकलन

**बेलहिया (रूपन्देही)–** गौतमबुद्धको जन्मस्थल लुम्बिनीमा दानबापत दुई महिनामा ६१ लाख २० हजार रूपैयाँ दान संकलन भएको छ । लुम्बिनी विकास कोषले पाँच दिन लगाएर शुक्रबार दानपेटिकाको भेटी गणना सकाएको हो ।

आन्तरिक र बाह्य पर्यटकको संख्या वृद्धि भएसँगै मायादेवी मन्दिरमा राखिएका दानपेटिका रकम संकलन बढ्दै गएको लुम्बिनी विकास कोषका कोषाध्यक्ष ढुण्डीराज भट्टराईले जानकारी दिए । अघिल्लोपटक तीन महिनामा एक पटक गणना गरिएकामा यसपटक दान पात्र छिट्टै भरिएकाले दुई महिना नपुग्दै गणना गरिएको हो । गत असोज ३० गते गरिएको भेटी गणनामा २७ लाख १८ हजार रूपैयाँ दानबापत रकम संकलन भएको थियो ।

कोरोना महामारीपछि थालिएको पर्यटन क्षेत्र विस्तारै चलायमान हुन थालेपछि लुम्बिनी भ्रमण गर्ने पर्यटकको संख्या वृद्धि हुन थालेको छ । अहिले लुम्बिनी भ्रमणको मौसम समेत सुरु भएकाले छिमेकी देश भारतसहित थाइल्यान्ड, म्यान्मा, भियतनाम र युरोपबाट समेत पर्यटक आउने क्रम बढेको कोषाध्यक्ष भट्टराईले बताए ।

लुम्बिनी विकास कोषको सूचना शाखाका अनुसार नोभेम्बर महिनामा मात्रै ८२ हजार २०५ आन्तरिक पर्यटकले भ्रमण गरेका छन् । यस्तै यस अवधिमा भारतबाट ३८ हजार ६८९, तेस्रो मुलुकबाट सात हजार ४७३ जनाले लुम्बिनी भ्रमण गरेको सूचना शाखाले जनाएको छ ।

सन् २०२२ को नोभेम्बर महिनासम्म पाँच लाख ४५ हजार आन्तरिक पर्यटकले लुम्बिनी भ्रमण गरेका छन् । यस्तै यस अवधिमा भारतबाट एक लाख ८८ हजार र भियतनाम, म्यान्मा, थाइल्यान्ड, श्रीलंकालगायत ८४ मुलुकबाट एक लाख ८१ हजार पर्यटकले लुम्बिनी भ्रमण गरेको सूचना शाखाको तथ्यांकमा उल्लेख छ । *रासस*

# अंग्रेजीमा पढाइ हुन थालेपछि विद्यार्थीको चाप

■ **राजेन्द्रप्रसाद पनेरू**

**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिका–८ पारिफाँटाकी सरस्वती बम बैजनाथ आधारभूत विद्यालयमा कक्षा ७ मा अध्ययनरत छिन् । सामुदायिक (सरकारी) विद्यालयमा पढ्दै आएकी उनी अंग्रेजी भाषा फरर बोल्न र लेख्न सक्छिन् ।

विद्यालयमा अभिभावक, शिक्षक, सामुदायिक वनका पदाधिकारी र वडाका जनप्रतिनिधिको प्रयासमा विद्यालयमा अंग्रेजी भाषामा पढाटइ हुँदै आएको छ । अंग्रेजीको अनिवार्य विषयसँगै अतिरिक्त अंग्रेजीमा पनि पढाइ हुने गरेको छ । गाउँकै विद्यालयमा अंग्रेजीमा पढाइ हुन थालेपछि विद्यार्थी चाप बढ्दो रहेको छ । टाढाको निजी विद्यालयमा चर्को शुल्क तिरेर अंग्रेजीकै लागि पढ्दै आएका बालबालिकालाई अभिभावकले छुटाएर गाउँकै विद्यालयमा भर्ना गरेका छन् ।

विद्यालयका प्रधानाध्यापक अमरसिंह महराले अंग्रेजीमा पढाइ हुन थालेपछि विगतमा भन्दा विद्यालयमा विद्यार्थीको संख्या बढेको बताए । 'अंग्रेजी विषयमा पढाइ सुरु भएपछि विद्यार्थीको चाप बढ्दो छ,' उनले भने, 'हाल विद्यालयमा २८६ विद्यार्थी पढ्दै आएका छन्, विद्यालयमा अंग्रेजी विषयका शिक्षकको व्यवस्था गरी विद्यार्थीलाई गुणस्तरीय शिक्षा दिने प्रयासमा जुटेका छौं ।' कक्षा १ देखि ८ सम्म अंग्रेजीमा पढाइ हुने गरेको छ ।

विद्यालयमा अध्ययनरत विद्यार्थीलाई विद्यालयले कुनै पनि किसिमको शुल्क भने लिने गरेको छैन । विद्यालयबाट विद्यार्थीलाई टाई, बेल्टसँगै खेलकुद सामग्री निःशुल्करूपमा उपलब्ध गराइँदै आएको छ । विद्यार्थी भर्ना, परीक्षा, प्रमाणपत्रबापतको शुल्क पनि लिने गरिएको छैन । नगरपालिकामा अंग्रेजीमा पढाइ हुने सामुदायिक विद्यालयमा बैजनाथ पहिलो हो ।

नियम उल्लंघन गरे कारबाही पनि हुने गरेको छ । 'विद्यालयमा १० बज्नुभन्दा १५ मिनेट अगाडि नै घण्टी बज्ने गरेको छ, घण्टी बजेपछि विद्यार्थी र शिक्षकले विद्यालयको गेटबाट भित्र प्रवेश गरिसक्नुपर्छ,' प्रधानाअध्यापक महराले भने, 'बिहानीको प्रार्थनाअघि विद्यार्थी अनिवार्यरूपमा पिटी कवाजमा सहभागी हुन्छन् । त्यसपछि राष्ट्रिय गान र प्रार्थना गरेपछि कक्षा सुरु हुन्छन् ।'

उनका अनुसार विद्यालयको पढाइमा असर पुग्नेगरी ढिलो आउने शिक्षकलाई विद्यालय प्रवेश गर्न नदिने नियम बनाइएको छ । विद्यालयमा आएर छिटो घर जाने शिक्षकको आधा दिनको तलब कट्टा गर्ने र जानकारी नदिई बिदामा बस्ने शिक्षकको दामासाहीका हिसाबले तलब कट्टा गरी विद्यालयको कोषमा जम्मा गर्ने नियम लागू गरिएको प्रधानाध्यापक महराले बताए ।

विद्यालयमा बीचमै विद्यालय छाड्ने, निरन्तर विद्यालय नआउने विद्यार्थीको संख्या शून्य रहेको छ । 'बालबालिका निजी विद्यालयझैं चिटिक्क परेर टाई बेल्ट र पोसाक लगाएर विद्यालय आउने गरेका छन्,' विद्यालयका शिक्षक मदन सिंह ठगुन्नाले भने, 'विगतमा यस्तो थिएन, अभिभावकसँग निकै गहन छलफल, अन्तरक्रिया गरेपछि विद्यालय सुधार गर्न सकेका हौं ।' अहिले अभिभावकले बालबालिकाको पढाइको अवस्था बुझ्नका लागि विद्यालयमा पुग्न थालेको उनले जानकारी दिए ।

शुक्रबार पढाइपछिको आधा दिन खेलकुद, साँस्कृतिक कार्यक्रम र हाजिरीजवाफलगायतका प्रतियोगिता आयोजना गरिँदै आएको विद्यालयका शिक्षक भागरथी ग्वाइलाले बताए । विद्यालयको आफ्नै करेसाबारी रहेको छ । विद्यार्थीलाई कृषिबारे जानकारी दिने कार्यसँगै विद्यार्थीले त्यसमा तरकारी रोप्ने कार्य गर्दै आएका छन् ।

विद्यालयको आन्तरिक आयका लागि होली, देउसी भैलीलगायत कार्यक्रम आयोजना गर्ने गरिन्छ । त्यसबाट आएको पैसाले साँस्कृतिक कार्यक्रमका लागि पोसाकलगायत खरिद गरिएको छ । दिवा खाजाका लागि विद्यालयले आन्तरिक स्रोतबाटै खर्च व्यहोर्ने गरी भान्सेको व्यवस्था गरेको छ । दिवा खाजाको सूची तयार गरी भान्सा व्यवस्थापनको कार्य गरिएको छ ।

विद्यालयमा शुद्ध पेयजलका लागि भगवती सामुदायिक वनले बोरिङ जडान गरी दिएको छ । सामुदायिक वनकै सहयोगमा विद्यालयमा छवटा कम्प्युटर र इन्टरनेटको व्यवस्था गरिएको छ । अंग्रेजीसँगै विद्यालयमा पठनपाठन गर्दै आएका विद्यार्थीलाई कम्प्युटरसम्बन्धी शिक्षा दिने गरिएको छ । विद्यालयका शैक्षिक गतिविधिलाई कम्प्युटरमा विद्यालयले अभिलेखीकरण गर्ने कार्य गर्दै आएको छ ।

सोही सामुदायिक वनकै सहयोगमा विद्यालयको गतिविधि नियाल्न र सुरक्षाका लागि सिसिटिभी क्यामेरा जडान गरिएका छन् । दुईजना निजी स्रोतका शिक्षकको तलबका लागि वडा कार्यालयले रकम व्यहोर्दै आएको छ ।

वडाध्यक्ष बहादुरसिंह महराका अनुसार विद्यालयको भौतिक पूर्वाधार विकासका लागि वडा कार्यालय र अन्य निकायबाट बजेट व्यवस्थापन गरी कार्य अगाडि बढाइएको छ । 'स्वयंसेवक शिक्षकको व्यवस्था गरी पढाइमा कमजोर रहेका र मेधावी विद्यार्थीहरूका लागि अतिरिक्त कक्षा सञ्चालनको कार्य गर्दै आएका छौं,' विद्यालय व्यवस्थापन समितिका सदस्य नरसिंह ठगुन्नाले भने, 'स्थानीय पर्वलाई बढी जोड दिई अन्य पर्वहरूमा सहिष्णुता कायम राख्दै विद्यालयले शैक्षिक गुणस्तरमा जोड दिई विद्यालयलाई अरूभन्दा फरक तथा नमूना बनाउन स्थानीय पर्वबाहेक अन्य बिदा दिने गरिएको छैन ।'

वि.सं. २०४९ सालमा स्थापना भएको विद्यालयमा नौजना शिक्षक कार्यरत रहेका छन् । जसमध्ये दुई स्थायी, चार राहत, एक करार र दुई आन्तरिक स्रोतबाट तलब पाउने गरी शिक्षक, आन्तरिक स्रोतबाटै भान्से र सहयोगी नियुक्त गरिएका छन् । *रासस*

# महिला उद्यमीका लागि सूचना प्रविधि तालिम

**काठमाडौं (प्रस)–** रोजगारी सिर्जना र व्यावसायिक सफलताका लागि महिला चेम्बरले उद्यमी महिलाका लागि सूचना प्रविधिसम्बन्धी तालिम दिने भएको छ । लर्ड बुद्ध एजुकेसन फाउण्डेसनसँगको सहकार्यमा मुलुकभरका उद्यमी महिलालाई एक वर्षे सूचना प्रविधिसम्बन्धी तालिम दिन लागिएको हो ।

तालिमसम्बन्धी सम्झौतापत्रमा महिला चेम्बरकी सचिव लीमा अधिकारी र फाउण्डेसनका अध्यक्ष पंकज जलानले हस्ताक्षर गरेका छन् । सो अवसरमा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले सूचना प्रविधिको विकास तीव्र गतिमा अघि बढिरहेका सन्दर्भमा उद्यमी महिलालाई दिइने तालिम महत्त्वपूर्ण भएको बताए ।

तालिममा महिला चेम्बरको समन्वयमा स्थानीय तह, प्रदेश र केन्द्रीयस्तरबाटै उद्यमी महिला छनोट हुने चेम्बरले जनाएको छ । उद्यमी महिलाका लागि सञ्चार क्षमता, बजार प्रवर्द्धन, वेबसाइट डिजाइनलगायत विषयमा तालिम दिइने महिला चेम्बरकी सचिव अधिकारीले जानकारी दिए । यही पुस १५ गतेदेखि सुरु हुनेछ ।

## INVITATION FOR BIDS

**Chamunda Bindrasaiani Municipality**

**Office of the Municipal Executive**

**Dailekh**

**Invitation for Sealed Bids for procurement of Fabricated Steel Parts for Trail Bridges**

**Contract Identification No: SQ/03/2079/080**

**First Date of Publication: 2079/09/03**

1. Chamunda Bindrasaini Municipality Office of the Municipal executive Dailekh invites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
2. Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum Five trail bridge within last five yearsare eligible for the bidding. New fabricators may also apply in joint venture with an eligible fabricator having the required experience. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the minimum requirements.
3. Eligible Fabricator may obtain further information and inspect the bidding documents at Chamunda Bindrasaini Municipality Office the Municipal executive Dailekh .
4. Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the Cost 1000.00 of bidding document in the Office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank : Nepal SBI Bank Chamund Branch.**
   **Name of Office : Chamunda Bindrasaini Municipality Jambukandh Dailekh**
   **Office Code no. : 80106123**
   **Office Account no (Rajaswa acount) : ga (1.1) 41295241207004**
5. Electronic bids must be submitted to the office Chamunda Bindrasaini Municipality,Jambukandh, Dailekh through PPMO website www.bolpatra.gov.np/egp. on or before 12:00 hours on 2079/09/18 (02-January, 2023). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hours on 2079/09/18 (02-January, 2023).at the Chamunda Bindrasaini Municipality, Dailekh
7. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs 36,000.00, which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the bid amount in Bank:
   **Information to deposit the Bid-Security Amount**
   **Name of the Bank : Nepal SBI Bank Chamaunda Branch Dailekh.**
   **Name of Office : Chamunda Bindrasaini Municipality Office.**
   **Account name : Deposit.**
   **Dharauti Account no. : ga (3) 41225240600007**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. The name and identification of the contract are as follows:

| Description of Work (Fabrication Package) | Estimated Amount, NRs (Excluding VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|
| Fabrication of steel parts and transportation up to road heads of Chhelahanna Trail Bridge | 12,39,469.12 | 36000.00 | 1000.00 |

**Chief Administrative Officer**


# कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TREND RESTAURANT**

पूर्व स्वीकृति मिति २०७९/०५/२१ पून स्वीकृति मिति २०७९/०९/०१ LT. No. 271334 चलानी नं. ६०१८७१०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier (Female) | 0 | 1 | 1300 | ४७,४६५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cooker | 2 | 0 | 1500 | ५४,७६५ | | | | | | | |
| 3 | Waiter | 0 | 1 | 1400 | ५१११५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पुस ८ गते (23th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य ला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68

New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77487@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### आयल निगमको चाल

भारतबाट पटक–पटक मूल्य घटेर आउँदासमेत मूल्य समायोजन नगरेको नेपाल आयल निगमले अन्ततः पेट्रोलियम पदार्थको मूल्य सामान्य अंकले घटाएको छ। निगमले शुक्रबार मध्यरातदेखि लागू हुनेगरी पेट्रोल र डिजेलमा साविकको खुद्रा बिक्री मूल्यमा प्रतिलिटर तीन रूपैयाँले घटाएको छ।

यसअघि पेट्रोल प्रतिलिटर १८१ रूपैयाँ रहँदै आएकामा मूल्य घटाइएपछि प्रतिलिटर १७८ रूपैयाँमा झरेको छ। यस्तै डिजेल प्रतिलिटर १७८ रूपैयाँबाट १७५ कायम भएको छ। मट्टीतेल प्रतिलिटर १७८ रूपैयाँमा बिक्री हुँदै आएकामा १७५ रूपैयाँमा बिक्री वितरण हुन थालेको छ। खाना पकाउने एलपी ग्यास र हवाई इन्धनको मूल्य भने हाललाई यथावत् नै राखिएको छ।

यो निगमले सम्भावित विरोधलाई रोक्न मात्र घटाएको देखिन्छ। किनभने, यसअघि पटकपटक मूल्य घटेर आउँदासमेत मूल्य समायोजन नगरेकोप्रति निगम आलोचित बन्दै आएको थियो।

निगमले मूल्य नघटाउनुको मुख्य कारण उसको घाटालाई देखाउँदै आएको छ। निगम नेतृत्वको लापरवाहीका कारण निगम घाटामा गएको तथ्य लुकेको छैन। त्यसैले निगमको यो कदम जनताको आँखामा छारो हाल्ने काम मात्र भएको प्रस्ट हुन्छ। सरकार र इण्डियन आयल कर्पोरेसनलाई नियमित भुक्तानीसहित १९ अर्ब तिर्न बाँकी रहेको निगमको भनाइ छ। बाँकी बक्यौता तथा सरकारले उपलब्ध गराएको ऋणको व्यवस्थापन गर्न निगमलाई अझै चुनौतीपूर्ण रहेको जनाइएको छ।

मुलुकमा पेट्रोलियम पदार्थको आपूर्ति गर्ने जिम्मेवारी पाएको एक मात्र निकाय निगमको मनपरिले उपभोक्ता मारमा पर्दै आएका छन्। भारतबाट मूल्य बढेर आउँदा तुरुन्तै मूल्य बढाउने निगम नियमित मूल्य समायोजन नगर्नु निगमको आफ्नै नीतिविपरीत छ। नेतृत्वको कमजोरीका कारण वर्षौंदेखि निगम घाटामा रहेको छ। घाटापूर्ति गर्न भन्दै निगमले सरकारबाट वार्षिक करोडौं अनुदान लिने गरेको छ। तर, निगममा व्यवस्थापकीय सुधार देखिएको छैन। घाटामा रहँदासमेत कर्मचारीलाई बोनस बाँड्ने कार्यले निगम चर्को आलोचित बनेको थियो। अहिले पनि निगमभित्रको बेथिति नियन्त्रणमा आउन सकेको छैन।

मुलुकमा मूल्यवृद्धि उच्च बन्नुमा पेट्रोलियम पदार्थको मूल्यवृद्धिको भूमिका अग्रस्थानमा छ। सामान ढुवानीदेखि सार्वजनिक यातायातको भाडा वृद्धिले समग्र क्षेत्रलाई प्रभावित पार्ने गर्दछ। पेट्रोलियम पदार्थको मूल्य नघटेसम्म मूल्यवृद्धि नियन्त्रण गर्न सम्भव छैन। त्यसैले आयोगले घाटा देखाएर मूल्य समायोजन नगर्नु र अहिले घटाइएको मूल्य व्यावहारिक देखिँदैन। उपभोक्ताको भान्सादेखि समग्र अर्थतन्त्रमा प्रभाव पार्ने पेट्रोलियम पदार्थको मूल्य समायोजन नियमित र वैज्ञानिक बनाउन जरुरी छ। देखावटी रूपमा मात्र मूल्य घटाउने कार्य बन्द गर्नुपर्छ। यसतर्फ सरोकारवाला सबैको ध्यान जाओस्।

## मननयोग्य

### चाणक्य नीति

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन। म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु। ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन्।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ। विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए। वस्त्र बदली स्नान गर्न कुवातिर लागे। आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु।'

आचार्यले भने- 'श्रमको अभ्यास भएन भने बाँचेको मानिस पनि मृतसमान हुन्छ, यो कुरा सधैं सम्झिराख्नू' म यो पहिलो गुरुमन्त्रलाई सदैव सम्झिरहन्छु र प्राणभन्दा पनि वढी सुरक्षित राख्छु भनी विनम्र भई विष्णुगुप्तले भने।

नित्यकर्मबाट निवृत्त भएपछि विष्णुगुप्त र आचार्यका बीच कुराकानी हुन लाग्यो- हेर बाबु! मलाई तिम्रो प्रतिभामा पूर्ण विश्वास छ। धेरै टाढाबाट राजा, मन्त्री, सामन्तहरू विद्या आर्जन गर्न यहाँ आउँछन्, उनकै अनुदान आदिले विद्यालय चल्छ। क्रमशः

# पेचिलो बन्दै मानव बेचबिखन

▶▶ शर्मिला ज्ञवाली

पछिल्लो समय मानव बेचबिखन तथा ओसारपसारको जोखिम बढेर गएको छ। मानव बेचबिखनको प्रवृत्ति (ट्रेण्ड) परिवर्तन हुँदा पीडित पक्षले झनै पीडा भोग्नुपर्ने समस्या गहिरिँदै गएको देखिएको छ। बेचबिखनमा देखिएका प्रवृत्तिगत भिन्नताका कारणले आन्तरिक तथा बाह्य श्रममा रहेका मजदुरका मानवअधिकार पनि उल्लंघन भएका छन्।

आन्तरिक, सीमापार भारत तथा चीनमा विभिन्न प्रयोजनका लागि हुने बेचबिखन, अन्तर्राष्ट्रियस्तरमा विभिन्न प्रयोजनको लागि हुने बेचबिखन तथा ओसारपसारले महिला, बालबालिका तथा पुरुष सबैमा जोखिमको अवस्था सिर्जना गरेको छ। मानव बेचबिखन न्यूनीकरणमा नागरिक समाज र राज्य लागिरहेको भए पनि हस्तक्षेपकारी भूमिका नदेखिएको राष्ट्रिय मानवअधिकार आयोगका मानव बेचबिखनविरुद्धको अधिकार हेर्ने सम्पर्क अधिकृत यशोधा बञ्जाडेको बुझाइ छ। उनका अनुसार बेचबिखनका परेका बेला जुन तवरको मानवअधिकार हुनुपर्ने हो त्यो भएको छैन।

> अन्तर्राष्ट्रिय श्रम संगठन र वाल्क फ्रि फाउण्डेसनले अन्तर्राष्ट्रिय आप्रवासन संगठनसँगको सहकार्यमा सन् २०१७ मा गरेको अध्ययनमा विश्वमा चार करोड मानिस आधुनिक दास प्रथाको सिकार भएका छन्। यसमध्ये दुई करोड ५० लाख बाध्यकारी श्रममा र एक करोड ५० लाख बाध्यकारी विवाहमा प्रयोग भएका छन् भन्ने उल्लेख छ। यो प्रतिवेदनले विश्वका प्रत्येक एक हजार व्यक्तिमा ४.५ जना आधुनिक दासतामा बाँच्न बाध्य पारिएको देखाएको छ। यस्ता व्यक्तिमध्ये ५.९ जना वयस्क र ४.४ बालबालिका रहेका छन्। कूल पीडितमध्ये ७१ प्रतिशत महिला तथा बालिका रहेको जनाइएको छ।

मानव बेचबिखनका अधिकांश घटना बाहिर आउँदैनन्। बाहिर आएका घटनाले पनि कानुनी उपचार तथा औपचारिकता पाउँदैनन्। यसको मुख्य कारण पीडित पक्षको आफ्नो अधिकारसम्म पहुँच र चेतना नहुनु नै हो। उनीहरू अधिकार सुनिश्चित गर्ने निकायसम्म सजिलै पुग्न सक्ने अवस्था छैन। अधिकृत बञ्जाडे भन्छिन्, 'बेचबिखनमा परेका व्यक्तिको अधिकार सुनिश्चित गर्न सकिएको छैन, बेचबिखनका बेला विभिन्न खालका दुर्व्यवहारमा परेका हुन्छन्, उनीहरूलाई त्यसबाट जोगाउन सकिएको छैन।'

कोभिड महामारीका समयमा रोजगारी गुमेका कारण मानव बेचबिखनको जोखिमको अवस्थामा झनै वृद्धि भएको थियो। यतिबेला धेरै नागरिक रोजगारबाट वञ्चित हुन पुगे भने साना तथा मझौला व्यवसायीको व्यापार बन्द हुँदा मूलतः अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकको दैनिक गुजारामा नै समस्या परेको थियो। आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को अवस्था हेर्दा मानव बेचबिखन तथा ओसारपसारको जोखिम अझ बढेर गएको देखिन्छ। यी दुई आर्थिक वर्षमा नेपाल प्रहरी, सर्वोच्च अदालतमा र जिल्ला अदालतमा बहस पैरवी भएका मुद्दा, सीमानाकामा निगरानी तथा उद्धार, कोभिडको कारण बेरोजगार बनेकाको संख्या, विभिन्न कार्यक्रम तथा सहयोगमार्फत प्रत्यक्ष सहयोग प्रदान गरिएको संख्याले मानव बेचबिखन तथा ओसारपसारको जोखिम झन् उच्च भएर गएको देखिन्छ।

आव २०७६/७७ र २०७७/७८ मा नेपाल प्रहरीमा जम्मा २७० वटा मानव बेचबिखनको मुद्दा दर्ता भएको पाइन्छ। त्यस्तै यस अवधिमा सर्वोच्च अदालतमा ४०२, उच्च अदालतमा ६१७, जिल्ला अदालतमा ७६०, वटा गरी जम्मा एक हजार ७७९ वटा मुद्दाको बहस पैरवी भएको पाइन्छ। माइती नेपालका अनुसार सन् २०१९/२०२० मा १० हजार जनालाई सीमानाकामा निगरानी तथा उद्धारमार्फत सेवा प्रदान गरेको पाइएको छ भने आठ हजारलाई पुनःस्थापना गृहसम्बन्धी सेवा प्रदान गरेको मानव अधिकारसम्बन्धी एक प्रतिवेदनले देखाएको छ। यो तथ्यांक हेर्दा पनि सबै घटना बाहिर आएको मान्न सकिँदैन। मानवअधिकार आयोगकी अधिकृत बञ्जाडे भन्छिन्, 'बेचबिखनमा परेकालाई सूचनाको हकबाट वञ्चित गराइएको हुन्छ, सूचना जुन वर्गमा पुग्नुपर्ने हो त्यहाँ पुगेको छैन। त्यसले गर्दा पनि बेचबिखनमा परेका व्यक्तिको अधिकार झनै जोखिमपूर्ण रहेको देखिन्छ।' अशिक्षा, दबाब र कानुनको अनभिज्ञताजस्ता कारणले पनि त्यस्ता घटना बाहिर नआएका हुन्।

कुनै पनि व्यक्तिलाई डर, धम्की, लोभलालच देखाइ शोषण गर्ने उद्देश्यले सो व्यक्तिको इच्छाविपरीत काम गर्न बाध्य तुल्याउने कार्यलाई मानव बेचबिखनको रूपमा लिइन्छ। नेपालको संविधानको मौलिक हकअन्तर्गतको धारा २९ मा कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन। कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन पाइने छैन भनी प्रस्ट उल्लेख गरेको छ।



मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ उपदफा (१) अनुसार कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानुनबमोजिमबाहेक मानिसको अंग झिक्ने, वेश्यागमन गर्नुलाई बुझाउँछ। सोही ऐनको दफा ४ (२) मा कसैले किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लगेमा वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाइफकाइ, प्रलोभनमा पारी, झुक्याइ, प्रपञ्च मिलाइ, जबर्जस्ती गरी, अपहरण गरी, शरीर बन्धक राख्न बन्देज गरिएको छ। साथै, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिनेलगायतका कार्यलाई बर्जित गरेको छ।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्तको कार्यालय, संयुक्त राष्ट्र बाल कोष र अन्तर्राष्ट्रिय आप्रवासन संगठन आदि अन्तर ाष्ट्रिय संघसंस्थाले पनि दासता, बाध्यात्मक श्रम (बँधुवा मजदुरी वा ऋणी बनाइएका व्यक्तिको श्रमलगायत) र दासतापूर्ण व्यवहारका लागि कुनै पनि व्यक्तिलाई डर, धाक देखाइ, जालझेल गरी वा शक्ति/पदको दुरूपयोग गरी काममा लगाउनु वा ओसार पसार गर्नु वा एक ठाउँबाट अर्को ठाउँमा लैजानु वा लैजानका लागि सहयोग गर्नु वा आश्रय दिनु वा अरूद्वारा त्यस्तो कामको निम्ति सहयोग प्राप्त गर्नु बेचबिखन तथा ओसारपसार हो भनी परिभाषित गरेको छ।

मानव बेचबिखन सभ्य समाजले परापूर्वकालदेखि अस्वीकार गरी आएको फौज्दारी कसुर हो। पृथ्वीनारायण शाहले १८२५ सालमा बनेपा, धुलिखेललगायत सात गाउँका मानिसले कमाराकमारी राख्न नपाउनेगरी रोक्का जारी गरेको देखिन्छ। त्यस्तै सो रोक्कालाई १८८७ सालमा राजेन्द्रविक्रम शाहलेसमेत निरन्तरता दिएको अभिलेखहरूमा पढ्न पाइन्छ। वि.सं. १९१० मा जारी भएको मुलुकी ऐनमा केही व्यवस्था थप गरी १९८२ वैशाख १ गतेदेखि नेपालभर दास प्रथा बन्द गर्ने घोषणा भएको थियो। सो ऐनमा मानिस बेच्नेलाई सात वर्ष कैद हुने, आफ्नी श्रीमती बेच्ने लोग्नेलाई थप सजाय हुने, विदेशको कोइलाखानी र समुद्रपार लाने-पठाउने कार्य दण्डनीय हुने एवं यस्तो कसुरको सुराकीलाई असूल भएको सजायको अंशबाट बकस दिइने तथा यस्तो मुद्दा सरकारवादी हुने व्यवस्था थियो।

वि.सं. २०२० मा जारी भएको नयाँ मुलुकी ऐनमा पनि मानव बेचबिखनलाई अपराध मानी यसमा संलग्न हुनेलाई सजायको व्यवस्था भएकामा २०३३ सालमा भएको छैटौं संशोधनले अझ कडा सजायको व्यवस्था गरेको देखिन्छ। तत्कालीन समयमा पनि बेचबिखनका घटना अझ संवेदनशील तरिकाले हेरी यसलाई नियन्त्रण गर्ने उद्देश्य राखिएको थियो।

नेपालमा मानव बेचबिखन गरिब, अशिक्षित र न्यून चेतनास्तर भएका मानिसलाई फकाउने ओसारपसार गर्ने स्थानान्तरण गर्नेबाट सुरु भएर धाकधम्की, जबर्जस्ती, अपहरण, छलकपट, धोखा, दुरूपयोग हुँदै शोषण, दासत्व, मानव अंग झिक्ने, यौन शोषण र घरेलु धन्दामा लगाउने आदिमा गएर टुंगिने गर्दछ। विगतमा जस्तो गरिब र अशिक्षित युवालाई ललाइफकाइ भारत पुऱ्याउने मात्र नभएर समयक्रमसँगै मानव बेचबिखनका आयाम पनि परिवर्तन हुँदै आएका छन्।

मानव बेचबिखन नेपालको मात्र नभएर विश्वव्यापी समस्या हो। नेपालजस्तो अति कम विकसित र बेरोजगारी दर बढी भएको देशमा अझ बढी समस्या देखापरेको हो। मानव बेचबिखन मानवअधिकार र मानव सम्मान एवं प्रतिष्ठाको गम्भीर उल्लंघन हो। गरिबी, बेरोजगारी, असमानता, सामाजिक विभेद, लैंगिक विभेद, अस्थिरता, हिंसा, न्यून चेतनास्तर, सामाजिक सशक्तीकरणको अभाव, पारिवारिक विघटन आदिलाई मानव बेचबिखनको मुख्य कारकका रूपमा लिन सकिन्छ। मानव बेचबिखनले व्यक्तिको आत्मसम्मान र स्वतन्त्रताका साथै बहुआयामिक मानवअधिकारको उल्लंघन गर्दछ।

नेपालमा मानव बेचबिखन र यस्तै प्रकृतिका मानवअधिकार उल्लंघनसम्बन्धी घटनामा काम गर्न र मानवअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न राष्ट्रिय मानवअधिकार आयोगको स्थापना भएको छ। यसलाई २०६३ को अन्तरिम संविधानले संवैधानिक निकायको मान्यता प्रदान गरेको छ। यस आयोगलाई संवैधानिक निकायको रूपमा स्थापना हुनुलाई पनि मानवअधिकारको संरक्षण र सम्वर्द्धनप्रति नेपालको संवेदनशीलता बुझ्न सकिन्छ।

माइती नेपालका उपनिर्देशक अच्युतकुमार नेपाल बेचबिखनमा परेका व्यक्तिको मानवअधिकर अत्यन्त दयनीय रहेको बताउँछन्। बेचिएका व्यक्तिलाई बाँच्नका लागि उपयुक्त विकल्प दिन नसक्दा पुनः बेचिन बाध्य हुने अवस्था छ। उनका अनुसार राज्यले उद्धार नगर्ने, समयमा न्याय नपाउने, सामाजिक मूल्यमान्यता बेचबिखनमा परेका व्यक्तिको खिलापमा हुनुजस्ता कारणले उनीहरू सुरक्षित छैनन्। नेपाल भन्छन्, 'बेचिएका व्यक्तिहरूको मानवअधिकारको अवस्था अत्यन्त जटिल छ, आधारभूत अधिकार पनि पाउने अवस्था छैन।' उनका अनुसार सूचनाको हक र गोपनीयताको हकबीचको सन्तुलन कायम गर्न नसक्दा पनि बेचिएका व्यक्तिका अधिकार खोसिने गरेको छ।

नेपालमा विद्यमान गरिबी, बेरोजगारी, अशिक्षा र पछौटेपनका कारण ठूलो समुदाय बेचबिखनको जोखिममा रहेको छ। जोखिम समूहको बाध्यतालाई उपयोग गर्दै आपराधिक गिरोहले मानव बेचबिखन तथा तस्करी गर्दै आएका छन्। परम्परागत स्वरूपको मानव बेचबिखनको रूप परिवर्तन हुँदै आएर देशभित्रै पनि मानव बेचबिखनका घटना बढ्दै गएका छन्। माइती नेपालका उपनिर्देशक नेपालका अनुसार पछिल्लो समय रोजगारीको बहानामा मानव बेचिने क्रम बढेको छ। लैंगिक विभेद, खुला सिमाना, अशिक्षालगायतका कारणले बेचबिखन हुने गरेको उनको भनाइ छ।

जनसंख्या वृद्धि, बढ्दो सहरीकरण, जीवनशैलीमा आएको परिवर्तन, व्यक्तिको आयमा भएको वृद्धि आदिले मानव बेचबिखनमा नयाँ आयाम थपिएका छन्। देशभित्रको वयस्क मनोरञ्जन व्यवसाय यसमध्येको एक उदीयमान क्षेत्र हो। यसको फैलावट अन्तर्राष्ट्रिय बजारसम्म पुगेको छ। रोजगारीको अभाव तथा अशिक्षाले गर्दा जोखिमयुक्त र सामाजिक स्वीकार्यता नभएका क्षेत्रमा काम स्वीकार गर्नुपर्ने बाध्यताको फाइदा उठाउँदै बाँधा श्रमिक वा आधुनिक दासताको अभ्यास गर्ने क्षेत्र पनि देखापरेका छन्। वैदेशिक रोजगारीमा श्रम शोषण, ठगी, हिंसा र यौनशोषणका घटना भएको पाइएको छ। मानव अंग झिक्ने, यौन तथा श्रम शोषणका लागि विवाह गर्नेजस्ता मानव बेचबिखनका नयाँ तर गम्भीर अपराधिक गतिविधि पनि बढ्दै गएका छन्।

अन्तर्राष्ट्रिय श्रम संगठन र वाल्क फ्रि फाउण्डेसनले अन्तर्राष्ट्रिय आप्रवासन संगठनसँगको सहकार्यमा सन् २०१७ मा गरेको अध्ययनमा विश्वमा चार करोड मानिस आधुनिक दास प्रथाको सिकार भएका छन्। यसमध्ये दुई करोड ५० लाख बाध्यकारी श्रममा र एक करोड ५० लाख बाध्यकारी विवाहमा प्रयोग भएका छन् भन्ने उल्लेख छ। यो प्रतिवेदनले विश्वका प्रत्येक एक हजार व्यक्तिमा ४.५ जना आधुनिक दासतामा बाँच्न बाध्य पारिएको देखाएको छ। यस्ता व्यक्तिमध्ये ५.९ जना वयस्क र ४.४ बालबालिका रहेका छन्। कूल पीडितमध्ये ७१ प्रतिशत महिला तथा बालिका रहेको जनाइएको छ।

विभिन्न अध्ययनबाट पनि अति विपन्न, सामाजिक रूपमा एक्ल्याइएका वा कमजोर, पिछडिएका, सीमान्तकृत वर्गका, पारिवारिक कलह तथा हिंसामा परेका तथा निम्न आयस्रोत भएको श्रममा संलग्न रहेका व्यक्ति बेचबिखनको उच्च जोखिममा रहने गर्दछन्। गरिबी र अभाव नै मानव बेचबिखन कार्यलाई सहज बनाउने मुख्य कारक भएको र एक पटक बेचबिखनमा परेको व्यक्ति पुनः बेचबिखनमा पर्न सक्ने अध्ययनले देखाएका छन्।

बेचबिखनमा परेका व्यक्तिलाई संरक्षण गर्नु राज्यको दायित्व भएको बताउँदै माइती नेपालका उपनिर्देशक नेपाल भन्छन्, 'एकीकृत दीर्घकालीन योजना बनाएर बेचबिखनमा परेका व्यक्तिको उद्धार एवं संरक्षण जरुरी छ। यसका लागि सम्बन्धित मन्त्रालय जिम्मेवार भएर लाग्नुपर्छ।' मानव बेचबिखनका घटना न्यूनीकरणका लागि मुलुकले दीर्घकालीन रूपमा गरिबी नियन्त्रण गर्ने, रोजगारी सिर्जना गर्ने, सचेतना फैलाउने, सीमानाकामा कडाइजस्ता कार्यलाई तीव्रता दिनुपर्छ।

वैदेशिक रोजगारीका सिलसिलामा पनि यस्ता घटना दिनानुदिन बढ्दै जाने भएकाले वैदेशिक रोजगारीमा श्रमिक पठाउन सहजीकरण गर्ने म्यानपावर कम्पनीलाई पनि कानुनी दायराभित्र ल्याउनुपर्ने देखिन्छ। सामाजिक पुनर्मिलनलाई विशेष ध्यान दिँदै आधुनिक युगको दासप्रथाको अन्त्य गर्न नागरिक एवं राज्यका तर्फबाट उचित पहल हुनुपर्छ। परिवर्तित प्रवृत्तिसँगै मौलाउँदै गइरहेको मानव बेचबिखनलाई न्यूनीकरण गर्न सबै सरोकारवाला निकायको सहकार्य तथा नियमनलाई गम्भीरतापूर्वक ध्यान दिन र राज्यका कानुनको सही अर्थमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ। *रासस*

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। - सं.



**अलैचीको पर्दा** | ताप्लेजुङको फुङलिङ नगरपालिकास्थित चन्दन फाइबर उद्योगमा अलैँचीको रेसाद्वारा निर्मित पर्दा देखाउँदै उद्योग सञ्चालक माया गुरुङ । *तस्बिरः सन्तोष पुर्कुटी/रासस*

# विद्यार्थीको निःशुल्क स्वास्थ्य परीक्षण

**काठमाडौं (प्रस)–** कागेश्वरी मनोहरा नगरपालिकाले नगरभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको निःशुल्क स्वास्थ्य परीक्षण गर्ने भएको छ । कागेश्वरी मनोहराले नगरभित्रका १६ वटै सामुदायिक विद्यालयमा अध्ययनरत आठ हजार पाँच विद्यार्थीको निः शुल्क स्वास्थ्य परीक्षण गर्न लागेको हो ।

नगरप्रमुख उपेन्द्र कार्कीले नगरवासीलाई स्वस्थ राख्न मेयरसँग ज्येष्ठ नागरिक निःशुल्क स्वास्थ्य सेवा, सरकारी स्कुलका बालबालिकालाई निःशुल्क स्वास्थ्य सेवा, नगरस्तरीय अस्पताल निर्माणलाई नगरपालिकाले प्राथमिकता दिएको बताए । उनले कागेश्वरी मनोहराले शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिताामा राखेर नीति तथा कार्यक्रम बनाएर लागू गरेको बताए । संस्कारसहितको गुणस्तरीय शिक्षा प्रदान गर्न नगरपालिकाले आन्तरिक स्रोतबाट सात करोड रूपैयाँ बजेट विनियोजन गरेको छ भने शिक्षकलाई तालिमसमेत प्रदान गर्दै आएको छ ।

चालु आर्थिक वर्षका लागि दुई अर्ब १५ करोड रूपैयाँको बजेट विनियोजन गरेको छ । सबै नगरवासीलाई खानेपानी पुर्‍याउने लक्ष्य लिएको सो नगरपालिकाले तीनवटा खानेपानी आयोजनालाई अगाडि बढाएको छ ।

उज्यालो र सुरक्षित नगरपालिका बनाउनका लागि कागेश्वरी मनोहराले नगरभित्रका मुख्य सडक र भित्रि सडकमा सिसिटिभी जडान र सडकबत्ती जडानको कामलाई प्राथमिकता दिएको छ । नगरभित्र उत्पादन हुँदै आएको फोहोरलाई नगरभित्र नै व्यवस्थापन गर्ने नीति सो नगरपालिकाले लिएको छ ।

नगरप्रमुख कार्कीले कागेश्वरी मनोहरालाई खेलकुद नगरीको रूपमा अगाडि बढाउने बताए । मनोहरा करिडोर निर्माण कार्यलाई समेत आफ्नो कार्यकालमा पूरा गर्ने उनको भनाइ छ । नगरप्रमुख कार्कीले मुख्य सडक संघ र प्रदेश सरकारबाट ठेक्का लागेको बताउँदै सडक नबन्दा स्थानीय सरकारले जनताको गुनासो सुन्नुपरेको बताए । 'जोरपाटीदेखि थली हुँदै साँखु जाने मुख्य सडकमा मुआब्जा लिने र काम गर्न नदिने प्रवृत्ति बढेको छ, यसले गर्दा काम गर्न बाधा पुगेको छ,' उनले भने ।

स्थानीय सरकारको कार्यअधिकारभित्र नपर्ने सडक स्थानीय सरकारले नबनाएको भन्दै केही राजनीतिक दलले नगरपालिकाको काममा अवरोध पुर्‍याएको उनले बताए । कूल एक लाख १५ हजार जनसंख्या रहेको सो नगरपालिकामा ३५ हजार घरधुरी र नौ वडा रहेका छन् । सो नगरपाकिलामा चालु आवमा ५० वटा ठेक्का आयोजना भए पनि चारवटा आयोजनाको काम सम्पन्न भइसकेको, ४२ आयोजना निर्माणको क्रममा रहेको र चार आयोजनाको ठेकेदार नगरपालिकाको सम्पर्कमा नआएको नगरपालिकाले जनाएको छ ।

# पर्यटकीय गन्तव्य बन्दै दाङ

**भालुबाङ–** लमही नगरपालिका-३ स्थित जखेरा ताल पर्यटकीयस्थलमा विकसित हुन थालेको छ । लुम्बिनी प्रदेशकै उत्कृष्ट तालका रूपमा रहेको सो ताल साढे पाँच बिघा क्षेत्रफलमा फैलिएको छ ।



यस तालमा डुंगा सयर, वनभोज र फोटो खिच्न दैनिक मानिस आउने गरेको जखेरा शिवालय धार्मिक पर्यटन विकास संरक्षण प्रतिष्ठानका महासचिव लोकमणि बञ्जाडेले जानकारी दिए । यो ताल प्रदेश सरकारको पहिलो प्राथमिकतामासमेत परेको छ ।

जखेरा शिवालय विकासका लागि संघीय सरकारबाट बाटो र उद्यान निर्माणका लागि आठ करोड रूपैयाँ, प्रदेश सरकारबाट ९० लाख रूपैयाँ र स्थानीय सरकारले हालसम्म पौने दुई करोड रूपैयाँ बजेट विनियोजन गरेको प्रतिष्ठानका अध्यक्ष रामप्रसाद उपाध्यायले बताए ।

तालको संरक्षण र सम्वर्द्धन सँगसँगै यस क्षेत्रको व्यापार व्यवसायमा आर्थिक वृद्धि भएको स्थानीय होटल व्यवसायी बालकृष्ण चौधरीले बताए । तालमा डुंगा सयर, पार्कभित्र वनभोजस्थलको व्यवस्थापन हुँदा व्यवसाय बढेको छ,' उनले भने ।

त्यस्तै गढवा गाउँपालिका-१ मा पर्ने कुलपानी हरित उद्यान पनि पर्यटकीय गन्तव्यको स्थल बन्दै गएको छ । दुईदेखि ३०० सम्म पर्यटक दिनहुँजसो आउने गरेको गढवा गाउँपालिका-१ का वडाध्यक्ष बाबुराम अधिकारीले जानकारी दिए । कुलपानी हरित उद्यानको विकासका लागि गढवा गाउँपालिकाले यस वर्षमा आठ लाख रूपैयाँ बजेट विनियोजन गरेकोसमेत वडाध्यक्ष अधिकारीले बताए । अन्य सामाजिक संघ संस्थाले पनि बजेट सहयोग गर्दै आएको उनको भनाइ छ ।

त्यसैगरी भारतसँग सिमाना जोडिएको गढवा गाउँपालिका-८ कोइलाबास नाकाले पनि पछिल्लो समय आन्तरिक पर्यटकलाई आकर्षित गरिरहेको छ । नजिकैको पहाड हेर्न, खोलामा रहेको झोलुंगे पुल हेर्न, त्यहाँ रहेको 'भ्युटावर' चढ्नका लागि दैनिक भारतीय पर्यटक आउने गरेको वडा नम्बर ८ का वडाध्यक्ष खालिक सिद्दिकीले जानकारी दिए । भारतीय पर्यटक नेपाल आउँदा नेपालको अर्थतन्त्रमा टेवा पुगेको उनको भनाइ छ ।

दाङ सदरमुकाम घोराही बजारदेखि दक्षिणतर्फ नौ किलोमिटर दूरीमा अवस्थित धारापानी मन्दिर परिचित छ । अग्लो त्रिशूल राखिएका कारण यो मन्दिर परिचित भएको हो । घोराही उपमहानगरपालिका-५ मा पर्ने धारापानी मन्दिर विकासका लागि संघ, प्रदेश र स्थानीय सरकारले बजेट विनियोजन गर्दै आएको पाण्डवेश्वर महादेव मन्दिर व्यवस्थापन समितिका सचिव तथा वडा नम्बर ५ का वडाध्यक्ष विष्णुराम आचार्यले जानकारी दिए ।

यो धार्मिक वन क्षेत्र भएको कारणले गर्दा मन्दिर वरपर माछा मासु लिन पाइँदैन, होमस्टे, रेस्टुराँ सञ्चालन गर्न नदिएको उनले बताए । 'मन्दिरको बाहिरपट्टि पूजा सामग्री बिक्री गर्ने, सामान्य चिया पसल राख्ने ठाउँ छ र पूजापाठ गर्न आएका श्रद्धालुले चढाएको पूजा भेटी त्यसैबाट आउने रकम नै मन्दिरको आयस्रोत हो,' उनले भने ।

समितिले करिब चार बिघा क्षेत्रफलमा ड्याम निर्माण थालेको छ । यसका लागि हालसम्म प्रदेश सरकारले तीन करोड रूपैयाँ बढी बजेट विनियोजन गरिसकेको व्यवस्थापन समितिले जनाएको छ । 'ड्याम' निर्माण भएपश्चात् माछापालन र डुंगा सञ्चालन गर्ने उद्देश्य रहेको छ ।

त्यस्तै संघीय सरकारबाट प्राप्त २५ लाख रूपैयाँ बजेटले गुरुकुल निर्माण भइरहेको समितिका सचिव आचार्यले जानकारी दिए । साथै, समितिले मन्दिरमा ३१ किलोको घण्टा राख्नका लागि अभियान थालिने जनाएको छ ।

त्यस्तै दाङमा मानव निर्मित पर्यटकीय क्षेत्र निर्माण भइरहेका छन् । बास बस्न र खानका लागि व्यवस्थासहित सुविधा सम्पन्न होटल, रेस्टुराँ र होमस्टे नहुँदा टाढाबाट आउने आगन्तुकलाई समस्या हुने गरेको छ । *रासस*

# अनलाइनबाटै चिकित्सकको परामर्श

**तुलसीपुर–** दाङको राप्ती गाउँपालिकामा अब अनलाइनबाट बिरामीलाई चिकित्सक परामर्श सेवा उपलब्ध हुने भएको छ । राप्ती गाउँपालिका-५ मा रहेको सिसहनियाँ अस्पताल र वडा नं १ मा रहेको प्रस्तावित भालुबाङ अस्पतालमा अनलाइन परामर्श सेवा सुरु भएको हो ।

गाउँपालिका अध्यक्ष प्रकाश विष्टका अनुसार दुवै अस्पतालमा जेरियाट्रिक सोसाइटी अफ नेपालका मुटुरोग विशेषज्ञ डाक्टर सुमन्त बञ्जाडेले बिरामीको मुटुको 'इसिजी' गरी कार्यक्रमको शुभारम्भ गरेका हुन् ।

योसँगै देउखुरी क्षेत्रका विपन्न मुटुरोगका बिरामीले नजिकैको यी स्वास्थ्य संस्थाबाट विशेषज्ञ स्वास्थ्य सेवा लिन पाउने छन् । 'देउखुरी क्षेत्रमा अब मुटुरोगीलाई सहज भएको छ,' उनले भने, 'बिरामीलाई मध्यनजर गरी हामीले यो सेवा सुरु गरेका हौं ।'

राप्ती गाउँपालिकाको पहल तथा जेरियाट्रिक सोसाइटी अफ नेपालको सहयोगमा ग्रामीण टेलिकार्डियोलोजी कार्यक्रम सुरु भएको हो । *रासस*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ALGHANIM INTERNATIONAL GENERAL TRADING & CONTRACTING CO. W.L.L. OIL & GAS DIVISION**

पूर्व स्वीकृति मिति २०७९/०७/१४ | पून स्वीकृति मिति २०७९/०९/०१ | LT. No. 274361 | चलानी नं. ६०१९०११०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KWD | ने.रू. | | | | | | | |
| 1 | Cleaners | 0 | 20 | 95 | ४१,०८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Labors | 40 | 0 | 95 | ४१,०८० | | | | | | | |
| 3 | Security Guards | 40 | 0 | 125 | ५४,०५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष ९ गते (24th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**यो विज्ञापन LT No. 274361 मितिः २०७९/०९/०२ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।**

**Swift Gurkha International Pvt. Ltd.**

श्रम ईजाजत नं. ५५९/०६२/०६३ Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534


# जीप दुर्घटनामा ११ जना घाइते



**रामेछाप (प्रस)–** रामेछापको उमाकुण्ड गाउँपालिका-७ भुजीमा शनिबार अपराह्न बोलेरो जीप दुर्घटना हुँदा ११ जना घाइते भएका छन् । घाइतेमध्ये तीन जनाको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायब उपरीक्षक राजकुमार थिङले जानकारी दिए ।

लिखु तामाकोसी गाउँपालिका-१ दुरागाउँबाट उमाकुण्ड-७ भुजीतर्फ जाँदै गरेको बा ११ च ७५९२ नम्बरको उक्त बलेरो एकराते पहरो भन्ने ठाउँमा दुर्घटनामा परेको उनले बताए ।

जीप कच्ची सडकमा अनियन्त्रित भई करिब ५० मिटर तल खसेको प्रहरीको भनाइ छ । घाइतेमध्ये गम्भीर बिरामीलाई शनिबार नै हेलिकोप्टरबाट थप उपचारका लागि काठमाडौं लगिएको छ । अन्य घाइतेको भने स्थानीय अस्पतालमै उपचार भइरहेको छ ।

## उपसभापति गुरुङले भने-
# 'सम्पत्ति छानविन गर्न तयार हुनू'

**बुटवल (प्रस)–** नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले प्रधानमन्त्रीका लागि दाबी गरिरहेका नेताहरू आफ्नो सम्पत्ति छानविन गर्न तयार हुनुपर्ने बताएका छन् । नेपाल निर्माण तथा सम्बद्ध श्रमिक संघ (काउन)को चौथो राष्ट्रिय महाधिवेसनको शनिबार बुटवलमा उद्घाटन गर्दै उनले सम्पत्ति छानविनका लागि तयार रहन आग्रह गरेका हुन् ।

नवनिर्वाचित प्रतिनिधिसभा सदस्यसमेत रहेका गुरुङले संसदीय दलको नेता कसलाई बनाउने भन्ने विषयमा पार्टीमा छलफल भइरहेको बताए । दलको नेता बन्नका लागि नेताहरूबीच प्रतिस्पर्धा भइरहे पनि कसलाई बनाउने भन्ने विषयमा अझै टुंगो नलागेको उनको भनाइ छ ।



उनले संसदीय दलको नेतामा व्यक्तिभन्दा पनि एजेण्डालाई प्राथमिकता दिनुपर्ने बताए । 'प्रधानमन्त्री दाबी गर्न जति सजिलो छ, प्रधानमन्त्री बनेर काम गर्न त्यति सजिलो छैन,' उनले भने, 'एजेण्डा बोकेपछि गन्तव्यमा अवश्य पुगिन्छ ।'

काउनको राष्ट्रिय महाधिवेशन उद्घाटन कार्यक्रममा नेपाल ट्रेड युनियन कांग्रेसका केन्द्रीय अध्यक्ष पुष्कर आचार्य, पूर्वअध्यक्ष खिलानाथ दाहाल, बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डे, नेपाली कांग्रेस रूपन्देहीका सभापति तथा तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँणलगायतले शुभकामना व्यक्त गरे । आजसम्म चल्ने अधिवेसनले नयाँ नेतृत्व चयन गर्नेछ ।


## प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड

PRABHU CABLE CAR & TOURISM LIMITED

**घर बहालमा लिने सम्बन्धमा जारी गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति : पौष ०३, २०७९**

यस कम्पनीले काठमाडौं वडा नं.३१ मा केन्द्रीय कार्यालय स्थापना गर्न गइरहेकाले उक्त वडामा मुख्य व्यापारिक स्थानमा पानी, बिजुली र पार्किङ्गको सुविधा भएको भवन कम्तीमा ७ वर्षलाई भाडामा दिन ईच्छुक घरधनीहरूले यो सूचना प्रकाशित भएको मितिले ३ कार्य दिनभित्र देहायका विवरणहरू स्पष्ट खुलाई प्रस्तावित् बहाल क्षेत्र तथा मासिक बहाल रकम (कर सहित) समेत उल्लेख गरी तल उल्लेखित ठेगानामा आफ्नो शिलबन्दी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शिलबन्दी प्रस्तावमा खुलाउनुपर्ने विवरणहरू :**

१. घरधनीको निवेदन, सम्पर्क व्यक्तिको नाम, ठेगाना र सम्पर्क नम्बर ।
२. भाडामा दिने प्रस्तावित् ठाउँको भवनको फोटोसहितको नक्सा ।
३. स्वीकृत भवनको नक्साको प्रतिलिपि ।
४. निर्माण सम्पन्न प्रमाण पत्रको प्रतिलिपि ।
५. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि ।
६. घरधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
७. घरको क्षेत्रफल १३०० देखि २००० स्क्वायर फिट हुनुपर्ने ।

**अन्य शर्तहरूः**

१. प्रस्तावित् भवनमा कुनै किसिमको स्वामित्व सम्बन्धी विवाद नभएको हुनुपर्नेछ ।
२. पार्किङ्ग सुविधा भएको, निर्माण सम्पन्न प्रमाण पत्र प्राप्त तथा भूकम्प प्रतिरोधात्मक प्रविधिबाट निर्माण भएका भवनलाई प्राथमिकता दिइने छ ।
३. कुनै पनि प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कम्पनीमा निहित रहनेछ ।

**प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड**

E-mail : prabhucablecar@gmail.com, prabhuukpbl@gmail.com

# प्रभाव दैनिक

आइतबार, ३ पुस २०७९ (Sunday, December 18, 2022)




## 'दोहोरी आइडल' हुँदै

लोकदोहोरी गीतको रियालिटी शो 'दोहोरी आइडल' आयोजना हुने भएको छ। शोको डिएआर मुभिजले आयोजना गर्न लागेको हो। नेपालका प्रतिष्ठित ४२ कलाकारहरू बीच प्रतिस्पर्धा रहने बताइएको शो को निर्णायकमा पुरूषोत्तम न्यौपाने, राजु परियार, घमेश दुलाल र रिता थापा रहनेछन्। नेपालमा पहिलो पटक हुन लागेको दोहोरी रियालिटी शो स्तरीय र निकै आकर्षक बनाइने कार्यक्रमको संयोजक अमृत खातीले जानकारी दिए। शोका विजेताले नगद १५ लाख र कार जित्नेछन् भने दोस्रो हुनेले नगद ७ लाख र तेस्रो हुनेले नगद ५ लाख प्राप्त गर्नेछन्। माघबाट सुरू हुने दोहोरी आइडल नेपाल नेटवर्क टेलिभिजनमा प्रशारण हुने डीएआर मुभिजका निर्देशक श्याम धितालले जानकारी दिए।




# 'महापुरुष' ५१ औं दिनमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रदर्शनको आठौं हप्तामा प्रवेश गरेको चलचित्र 'महापुरुष'ले काठमाडौंसहित मोफसलका केही हलहरूमा प्रदर्शनको ५१औं दिन पार गरेको छ।

कोरोना महामारीपश्चात् हलमा दर्शक घट्ने अनुमान गरिए पनि यही वर्ष 'कबडी ४ : द फाइनल म्याच' पश्चात् यसले ५१औं दिन पूरा गर्दै घरेलु बक्स अफिसबाट नै रु १० करोड कमाउन सफल भएको छ। चलचित्रका लेखक तथा निर्देशक प्रदीप भट्टराई सफलताले दायित्व बोध बढेको बताउँछन्।

'दर्शकको साथले थप ऊर्जा मिलेको छ,' उनले भने। नेपाल मात्र नभई अमेरिकामा समेत आठौं हप्तामा चलचित्र प्रदर्शन भइरहेको छ। नेपाली चलचित्रलाई अन्तर्राष्ट्रियबजारमा विस्तार गर्न मद्दत पुगेको निर्देशक भट्टराईको भनाइ छ। उनले यस अगाडि निर्देशन गरेको जात्रा, शत्रु गते र जात्रै-जात्रा चलचित्रले समेत ५१औं दिन पार गरेको थियो।

'मह सञ्चार'सँग डेढ दशकसम्म टेलीचलचित्रमा सहायक भएर सहकार्य गरेपछि निर्देशक बन्नुभएका भट्टराईले सफलताको श्रेय मह जोडी अर्थात् मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यलाई नै दिन्छन्। 'उहाँहरूबाट नै सिकेर निर्देशन गर्न पाएको छु। स्कुल पढेर दिएको परीक्षामा पास भए झैं महसुस भएको छ,' उनले भने।

अमेरिका भ्रमण सकेर नेपाल फर्किनुभएका अभिनेता आचार्यले निर्देशक भट्टराई सुरुआती दिनदेखि नै प्रतिभावान् रहेको बताए। 'टेलीचलचित्र हामीले उहाँलाई जिम्मा लागाउँथ्यौं। उहाँको कामले हाम्रो मन जितिसकेको थियो। आज चलचित्रमा समेत सफल हुँदा खुसी लाग्छ,' अभिनेता आचार्यले भने।

चलचित्रमा मह जोडीसँगै गौरी मल्ल, राजाराम पौडेल, रवीन्द्रसिंह बानियाँ, शिरू विष्टसँगै नवप्रस्तुतिमा अरुण क्षेत्री र अञ्जना बराइली मुख्य भूमिकामा छन्। चलचित्रमा एक्लोपनको कथा देखाइएको छ।

नेपालसँगै संयुक्तराज्य अमेरिका, अष्ट्रेलिया, युरोपका विभिन्न देशमा प्रदर्शन भइरहेको महापुरुष गत डिसेम्बर १ तारिखदेखि कतार, ओमान, बहराइन र युएईमा समेत प्रदर्शन भइरहेको छ।

षट्कोण आर्ट्स प्रालिको ब्यानारमा निर्मित चलचित्र महापुरुषको कार्यकारी निर्माता रवीन्द्रसिंह बानियाँ र निर्माता दीपेश खत्री रहनुभएको छ। चलचित्रमा दीपक बज्राचार्यको छायाङ्कन र मित्र डी गुरुङको सम्पादन रहेको छ। यही चलचित्रबाट कवि नवराज पराजुलीले पनि गीतकारका रूपमा डेब्यु गरेका छन्।

# नेपाल मानवअधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सव हुँदै

■ प्रभाव संवाददाता




**काठमाडौं–** सामाजिक न्याय र मानवअधिकारलाई प्रश्रय गर्ने उद्देश्यले 'नेपाल मानव अधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' को १० औं संस्करण आयोजना हुने भएको छ।

मानवअधिकार चलचित्र केन्द्रको आयोजनामा पुस ३ देखि ६ गतेसम्म काठमाडौंस्थित नेपाल पर्यटन बोर्डको हलमा महोत्सव सञ्चालन हुनेछ। 'जलवायु परिवर्तन र पर्यावरण न्याय' को नारासहित आयोजना गरिने महोत्सवको उद्घाटनमा शान्ता नेपाली निर्देशित वृत्तचित्र 'क्लाइमिङ ट्याम्पेचर्स, टप अफ द वर्ल्ड' र समापन समारोहमा दीपक रौनियार निर्देशित 'फोर नाइट्स' देखाइनेछ।

विश्वभरिबाट खुला आवेदनमार्फत सङ्कलन गरिएका कथानक चलचित्र, वृत्तचित्र, एनिमेसनलगायत नेपालसहित २५ देशका ६४ चलचित्र महोत्सवमा देखाइने छ।

नेपालबाट निर्देशक अभिनाशविक्रम शाह, भारतबाट लेखक तथा निर्देशक अनिर्वाण भट्टचार्य, कोरियाबाट मावनअधिकार अभियन्ता तथा महोत्सव निर्देशक सुली दिलबर र इजरायलबाट लेखक तथा निर्देशक ओश्रा स्वार्ज रेम जुरीको रूपमा छन्।

महोत्सवमा प्रर्दशन गरिने चार विधाका उत्कृष्ट चलचित्रलाई नगदसहित अवार्ड प्रदान गरिने छ। एक उत्कृष्ट नेपाली महिला निर्देशकलाई अवार्ड प्रदान गरिने छ। महोत्सवमा 'लुकेरा बसेका कथालाई कसरी वृत्तचित्रमा प्रस्तुत गर्ने ?' विषयमा भारतीय वृत्तचित्र निर्देशक अनिर्वाण भट्टचार्यको प्रवचन र 'जलवायु परिवर्तन र न्यायसम्बन्धी' विषयमा मानवअधिकारकर्मी, जलवायुसम्बधी विज्ञ, चलचित्रकर्मीसँग प्यानल छलफल हुनेछ। महोत्सवका निर्देशक पाण्डव खत्रीले चलचित्रकर्मी र मानवअधिकारको क्षेत्रमा क्रियाशील व्यक्तित्वका लागि महोत्सवले योगदान दिने विश्वास व्यक्त गरे।

'विदेशी फिल्म कसरी निर्माण भइरहेका छन्, कथा कसरी छनोट गरिएको छ, कथा वाचन गर्ने शैली, पात्र चयन, पात्रको अभिनय, त्यसको खिचाइ कस्ता छन् भन्ने कुराबाट युवा पुस्ताका चलचित्र निर्देशकले अनुभव गर्न पाउनेछन्। यस्ता खालका महोत्सवबाट नेपाली कला, संस्कृतिको साथै नेपालको अन्तर ाष्ट्रिय छवि निर्माणमा समेत सहयोग पुऱ्याउने विश्वास लिएका छौं,' निर्देशक खत्रीले भने।



## विश्वकप फुटबल प्रतियोगिताः

# उपाधिका लागि फ्रान्स र अर्जेन्टिना आज भिड्दै



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं – फिफा विश्वकप २०२२ को च्याम्पियनको टुंगो (आज) आइतबार राति लाग्दैछ। अर्जेन्टिना र फ्रान्स दुवै टिम तेस्रो पटक च्याम्पियन बन्नका लागि कतारको लुसेल रंगशालामा भिड्दैछन्।

अर्जेन्टिनाले पछिल्लो पटक १९८६ मा विश्वकपको उपाधि जितेको थियो। पहिलो पटक १९७८ मा च्याम्पियन बनेको अर्जेन्टिना च्याम्पियन नबनेको ३६ वर्ष भइसक्यो।

अर्जेन्टिनाले विश्वकप जित्दा फ्रान्सले एक पटक पनि उपाधि जितेको थिएन। पहिलो पटक सन् १९९८ मा उपाधि जितेको फ्रान्सले अघिल्लो संस्करणमा पनि २०१८ मा च्याम्पियन बनेको थियो।

दुई दुई च्याम्पियन बनेका दुई टिमबीच विश्वकपमा अहिलेसम्म तीन पटक मात्र प्रतिस्पर्धा भएको छ। तीन मध्ये दुई खेलमा अर्जेन्टिना विजयी हुँदा एक खेल फ्रान्सले जितेको छ। पछिल्लो भेटमा फ्रान्सले अर्जेन्टिनालाई ४-३ गोलले पराजित गरेको थियो। फिफा विश्वकप २०१८ को अन्तिम १६ अन्तर्गत रसियाको कजानमा भएको खेलमा ७ गोल भएको थियो।

ग्रिजम्यानको गोलबाट फ्रान्सले अग्रता लिए पनि डि मारियाले गोल गर्दा पहिलो हाफ एक एक गोलको बराबरीमा सकिएको थियो। दोस्रो हाफमा मेर्काडोको गोलबाट अर्जेन्टिनाले सुरुमा अग्रता लिएको थियो। तर पभार्डले बराबरी गोल फर्काउदा एमबाप्पेले चार मिनेटको अन्तरमा दुई गोल गर्दै फ्रान्स ४-२ ले अघि बढाएका थिए। इन्जुरी टाइममा अग्युरोले गोल गरे पनि अर्जेन्टिनालाई खेलमा फर्कन ढिला भइसकेको थियो। त्यसअघि सन् १९७८ को विश्वकपको समूह चरणको भिडन्तमा फ्रान्समाथि अर्जेन्टिनाले २-१ गोलको जित निकालेको थियो।

यस्तै पहिलो संस्करणको विश्वकप १९३० को समूह चरणमा पनि अर्जेन्टिनाले फ्रान्सलाई १-० गोलले पराजित गरेको थियो। सेमिफाइनलमा मोरक्कोलाई पराजित गरेपछि फ्रान्सले अर्जेन्टिनासँग उपाधि भिडन्त पक्का गरेको हो। दोस्रो सेमिफाइनल खेलमा फ्रान्सले मोरक्कोलाई २-० गोलअन्तरले हराएको हो। यसअघि अर्जेन्टिनाले सेमिफाइनलमा क्रोएसियालाई ३-० गोलअन्तरले हराएर फाइनल यात्रा तय गरेको हो।

# लाफा समूहलाई ब्याडमिन्टन उपाधि

■ प्रभाव संवाददाता



**भैरहवा–** रूपन्देहीको भैरहवामा सम्पन्न जिल्लास्तरीय खुल्ला ब्याडमिन्टन प्रतियोगिताको उपाधि बुटवलको लाफा समूहले जितेको छ। शनिबार लुम्बिनी राष्ट्रिय महोत्सवमा संचालित फाइनल खेलमा विन्जन बस्नेत र नारायण पौडेलको समूहले लाफा समूहकै पुरन गाहा र पुरन श्रीसको टीमलाई पराजित गर्दै उपाधि जितेको हो। गाहा र श्रीसको टिमले उपबिजेतामा चित्त बुझायो।

फाइनलमा बस्नेत र पौडेलको टीमले २१-१९ र २१-१५ को सोझो सेटमा गाहा र श्रीसको टीमलाई हराउँदै उपाधि जितेको हो। उपाधिसँगै बिजेता टिमले नगद १५ हजार, उपविजेताले १० हजार रूपैयाँ प्राप्त गरे। प्रतियोगितामा तामनगर ब्याडमिन्टन क्लबका केशव तिवारी र मदन सुवेदी तथा तामनगरकै सुभाष कर्माचार्य र रामजी न्यौपानेको टिमले तृतिय स्थान हासिल गरि नगद पाँच हजार रूपैयाँ प्राप्त गरे।

विजयी खेलाडीलाई नेपाल उद्योग बाणिज्य महासंघका केन्द्रिय सदस्य राजेशकुमार अग्रवाल, महासंघ लुम्बिनी प्रदेशका उपाध्यक्ष दीपक पौडेल, सिद्धार्थ उद्योग बाणिज्य संघका अध्यक्ष भीष्मप्रसाद न्यौपाने, वरिष्ठ उपाध्यक्ष ठाकुरकुमार श्रेष्ठ, कर्पोरेट उपाध्यक्ष अरुणकुमार गोयन्का, महासचिव बिजय पाण्डे, सचिव दीपेन्द्र प्रधान, खेलकुद संयोजक हरिबहादुर थापा, प्रचार-प्रसार संयोजक कृष्णप्रसाद घिमिरे लगायतले नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरेका थिए।

आठौं लुम्बिनी राष्ट्रिय महोत्सव-०७९ को अवसर पारेर सिद्धार्थ उद्योग बाणिज्य संघले ब्याडमिन्टन प्रतियोगिता आयोजना गरेको थियो। यसले पछिल्लो समय लोकप्रिय मानिएको ब्याडमिन्टन खेलको प्रवर्द्धन हुने र खेल संस्कृतिको विकासमा टेवा पुग्ने आफूहरूको अपेक्षा रहेको खेल संयोजक थापाले बताए।

# टेबल टेनिसमा शिभालीलाई दोहोरो स्वर्ण

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपालकी शिभाली गुरुङ २०औं जयकर स्मृति एटीएफ यु-१४ टेनिस प्रतियोगिताअन्तर्गत सर्किट-१ को गर्ल्स सिंगल्समा च्याम्पियन बनेकी छिन्। सातदोबाटोस्थित टेनिस कोर्टमा शनिबार भएको फाइनलमा शिभालीले आद्या पौड्याललाई ६-४ र ६-१ को सोझो सेटमा पराजित गर्दै दोहोरो स्वर्ण जितेकी हुन्। यसअघि शिभालीले स्वस्तिका विष्टसँग मिलेर गर्ल्स डबल्समा स्वर्ण जितेकी थिइन्।

ब्वाइज सिंगल्समा भारतका भिभान मिर्धाले नेपालका आयुषमान हजुर घलेलाई शुक्रबार फाइनलमा ५-७, ७-६ (३) र ६-२ ले हराउदै पहिलो स्थान हात पारेका थिए।

नेपाल टेनिस संघको सहयोगमा मन जयकर टेनिस एकेडेमीद्वारा आयोजित प्रतियोगितामा शनिबारै भएको ब्वाइज डबल्समा भारतका सिद्धार्थ जिबु र भिभान मिर्धाको जोडी पहिलो भए। फाइनलमा उक्त जोडीले पाकिस्तानका जोहेब अफ्जल मलिक र यमनका हमुद इयाडको जोडीलाई सीधा सेटमा ६-४ र ६-४ ले पाखा लगाए।विजेतालाई नेपाल टेनिस संघकी अध्यक्ष ज्योति राणा, नेपाल टेनिस संघका पूर्व अध्यक्ष मनोज राणा, नेपाल टेनिस संघका उपाध्यक्ष केशवराज पाण्डे, प्रतियोगिता निर्देशक मालिका बस्नेत राणालगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे।

६ दिने प्रतियोगितामा २६ ब्वाइज र १७ गर्ल्स गरी ४३ खेलाडी सहभागी थिए। सिंगल्स र डबल्समा प्रतिस्पर्धा भएको थियो। एसियाली टेनिस महासंघको स्वीकृतिमा सञ्चालित प्रतियोगिताअन्तर्गत सर्किट-२ का खेलहरू सोमबारदेखि हुने नेपाल टेनिस संघका कार्यालय सविच प्रवीण देवकोटाले जनाएका छन्।



**दमास्कसको "क्रिसमस बजार"**

सिरियाको राजधानी दमास्कसमा स्थापित 'क्रिसमस मार्केट'मा झुम्मिएका मानिसहरू । बजारमा ७५ भन्दा बढी काठका झुपडीहरू छन्, जहाँ छुट्टीको मौसममा सजावट तथा उपहार सामग्री र खानाको प्रदर्शनी हुने गर्दछ । *तस्बिरः सिन्ह्वा*

# पाकिस्तानी विदेशमन्त्रीको टिप्पणीविरुद्ध भारतमा देशव्यापी प्रदर्शन

**महाराष्ट्र–** भारतीय जनता पार्टी (भाजपा)ले पाकिस्तानका विदेशमन्त्री बिलावल भुट्टो जर्दारीले प्रधानमन्त्री नरेन्द्र मोदीबारे गरेको टिप्पणीप्रति आपत्ति जनाउँदै देशव्यापी विरोध प्रदर्शन गरेको छ ।

शनिबार बिहान महाराष्ट्रको मुम्बई र पुणेमा एकैसाथ सयौं भाजपा कार्यकर्ता र नेता हातमा प्लेकार्ड लिएर प्रमुख स्थानमा भेला भएर पाकिस्तानका विदेशमन्त्रीले प्रधानमन्त्री मोदीविरूद्ध गरेको अपमानजनक टिप्पणीको विरोध गरे । उनीहरूले पाकिस्तान र पाकिस्तानका विदेशमन्त्रीको पुत्ला दहन गर्दै उनीहरूविरुद्ध नाराबाजीसमेत गरेका थिए ।

भाजपा राज्य अध्यक्ष चन्द्रशेखर बावनकुलेले पुणेमा विरोध प्रदर्शनको नेतृत्व गरे भने मुम्बईका विभिन्न भागमा एकत्र भएका सयौं भाजपा कार्यकर्ता र नेताले प्रदर्शन गरे । उनीहरूले पाकिस्तान सरकार र विदेशमन्त्रीको आलोचना गर्ने गीत पनि बजाएका थिए । बिलावल भुट्टो जरदारीले मोदीविरुद्ध गरेको अपमानजनक टिप्पणीले देशभर आक्रोश सृजना गरेको छ । भाजपाले देशभरका सबै राज्यको राजधानीमा विरोध प्रदर्शन गरिरहेको छ ।



संयुक्त राष्ट्रसंघको प्रधान कार्यालय न्युयोर्कमा आयोजित पत्रकार सम्मेलनमा पाकिस्तानी मन्त्रीले गरेको अपमानजनक टिप्पणीपछि भारतभर आक्रोश छाएको छ । भाजपाले बिलावल भुट्टोको टिप्पणीलाई अतिअपमानजनक र कायरताले भरिएको भन्दै पाकिस्तानको ध्वस्त अर्थव्यवस्था, अराजकता तथा त्यहाँ व्याप्त अराजकताबाट विश्वव्यापी ध्यान अन्यत्र मोड्न गरिएको बताएको छ । भाजपाले एक वक्तव्य निकालेर पाकिस्तानी विदेशमन्त्रीको अभिव्यक्तिले अन्तर्राष्ट्रिय जगत्मा पाकिस्तानको प्रतिष्ठा घटाएको जनाएको छ ।

**किन आयो पाकिस्तानी विदेशमन्त्रीको तीखो टिप्पणी ?**

गत बुधबार सुरक्षा परिषद्मा बोल्दै भारतका विदेशमन्त्री एस जयशंकरले परिषद्मा कश्मीर मुद्दा उठाएकोमा पाकिस्तानको आलोचना गरेका थिए । भारतका विदेशमन्त्रीको अभिव्यक्तिप्रति असहमति जनाउँदै बिहीबार पाकिस्तानी विदेशमन्त्रीले प्रधानमन्त्री मोदीलाई 'कसाई' भनेर सम्बोधन गरे ।

भारतका विदेशमन्त्रीले सन् २००१ को नोभेम्बर ११ मा अमेरिकामा भएको आतंकवादी हमलाका मुख्य योजनाकार ओसामा बिन लादेनलाई शरण दिएको, छिमेकी देशको संसद्मा पाकिस्तानले हमला गरेको पाकिस्तानलाई राष्ट्रसंघको शक्तिशाली अंग सुरक्षा परिषद्मा उपदेश दिने नैतिक अधिकार नभएको टिप्पणी गरेका थिए ।

'(म भारतलाई भन्न चाहन्छु) कि ओसामा बिन लादेन जीवित छैनन्, तर गुजरातको कसाई जीवित छ र उनी भारतको प्रधानमन्त्री हुन्,' भुट्टोले भने । उनले 'उहाँ (पिएम मोदी) प्रधानमन्त्री नहुँदासम्म उहाँलाई यो देशमा प्रवेश गर्न प्रतिबन्ध लगाइएको थियो । यी हुन् आरएसएसका प्रधानमन्त्री र आरएसएसका विदेशमन्त्री । आरएसएस भनेको के हो ? आरएसएसले हिटलरको 'एसएस'बाट प्रेरणा लिएको छ,' पाकिस्तानी विदेशमन्त्रीले भनेका छन् । अहिंसाका अभियन्ता महात्मा गान्धीका हत्यारालाई भारतले नायक बनाएको आरोप पनि उनले लगाएका छन् ।

पाकिस्तानका विदेशमन्त्रीले आफू स्वयम् आतंकवादको सिकार बनेको, आफ्नो देश पनि त्यसबाट प्रताडित रहेको बताउँदै पाकिस्तानले कहिल्यै पनि आतंकवादलाई प्रश्रय नदिएको दाबी गरेका थिए । *रासस/एएनआई/पिटिआई*

# 'लेबनानमा शरणार्थीको खाद्य सुरक्षास्तर चिन्ताजनक'

**बेरुत–** लेबनानमा शरणार्थीको लागि खाद्य सुरक्षाको स्तर अत्यन्त चिन्ताजनक रहेको विश्व खाद्य कार्यक्रमका प्रतिनिधि र लेबनान देशीय निर्देशक अब्दल्लाह अल वार्दतले शुक्रबार बताएका छन् ।

लेबनानमा सिरियाली शरणार्थीको सन् २०२२ जोखिम मूल्यांकनको प्रारम्भिक निष्कर्षमा संयुक्त राष्ट्रसंघ सूचना केन्द्रले जारी गरेको प्रतिवेदनमाथि अलवार्दतको टिप्पणीमा सोबारे उल्लेख गरिएको छ । 'सिरियाली शरणार्थीको खानामा कटौती गरिएको छ, वयस्कहरूले आफ्ना बच्चाहरूलाई दिइने खानाको मात्रा कम गरिरहेका छन् र खाद्यान्न किन्नलाई प्राथमिकता दिन स्वास्थ्य र शिक्षा क्षेत्रमा खर्च कम गरिरहेका छन्,' प्रतिवेदनमा उल्लेख गरिएको छ । प्रतिवेदनअनुसार अधिकांश शरणार्थीको पारिवारिक ऋण बढ्दो छ, धेरैले खाना किन्न पैसा उधारो लिएका छन् र लगभग ८७ प्रतिशत परिवारले खानालाई उनीहरूको मुख्य प्राथमिकताका रूपमा सूचीबद्ध गरेका छन् ।

लेबनानमा शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्तका प्रतिनिधि अयाकी इटोले भने- संयुक्त राष्ट्रसंघ शरणार्थी राहत निकाय र यसका साझेदारले सबैभन्दा कमजोर अवस्थामा रहेका शरणार्थीलाई मद्दत गर्न र अस्पताल र नगरपालिकालगायत लेबनानका सार्वजनिक संस्थालाई सहयोग गर्न जारी राखेका छन् तर यो पर्याप्त छैन ।' कमजोर अवस्थामा रहेका शरणार्थी र लेबनानी परिवारका लागि थप मद्दत तत्काल आवश्यक छ रहेको बताइएको छ । *रासस/सिन्ह्वा*

# क्यानडाको भ्यानकुभरमा २५ सय किलो अफिम बरामद

**भ्यानकुभर–** क्यानाडाको ब्रिटिश कोलम्बिया-क्यानाडा सीमा सेवा एजेन्सीले भ्यानकुभरको पश्चिमी तटीय बन्दरगाहमा २४७ शिपिङ प्यालेटबाट ५० मिलियन अमेरिकी डलरभन्दा बढी मूल्यको लगभग दुई हजार ५०० किलोग्राम अफिम बरामद गरेको छ । बरामाद गरिएको यो परिमाणको अफिम अहिलेसम्मको सबैभन्दा ठूलो परिमाण हो ।

गत अक्टोबर २५ मा मेट्रो भ्यानकुभर मरीन अपरेसनले यस अनुसन्धानको आधारमा १९ समुद्री कन्टेनरभित्र सामानको जाँच गरेको थियो । एक्स-रे टेक्नोलोजीसहित पत्ता लगाउने उपकरण र प्रविधिको प्रयोग गरेर अधिकारीहरूले ढुवानी प्यालेटहरूमा जाँज गरी सो पत्ता लगाएको बताइएको छ ।

अनुसन्धानको बारेमा कुरा गर्दै क्यानाडाका सार्वजनिक सुरक्षामन्त्री मार्को मेन्डिसिनोले समुदायको सुरक्षा सर्वोच्च प्राथमिकता रहेको बताएका छन् । अवैध लागुऔषध क्यानाडामा आउनबाट रोक्न र आपराधिक गतिविधि नियन्त्रण गर्ने कार्य सरकारको प्राथमिकतामा रहेको बताएका छन् । *रासस/एएनआई*

# मालीमा दुई जना शान्ति सैनिक मारिए

**बामाको–** संयुक्त राष्ट्रसंघले शुक्रबार उत्तरी मालीमा भएको बन्दुक आक्रमणमा एक महिलासहित दुई राष्ट्रसंघीय शान्ति सैनिकको मृत्यु भएको र चार जना घाइते भएको जनाएको छ ।

'अज्ञात बन्दुकधारीले टिम्बक्टु सहरमा संयुक्त राष्ट्रसंघको प्रहरी गस्तीमा गोली चलाएको छ,' मालीमा संयुक्त राष्ट्रसंघ बहुआयामिक एकीकृत स्थिरता मिसनले विज्ञप्ति जारी गर्दै उल्लेख गरेको छ ।

प्रहरीले आक्रमणकारीबाट केही सामग्री बरामद गरिएको पनि बताएको छ । मिसनका प्रमुख एल-घासिम वानेले घटनाको निन्दा गर्दै यस जघन्य कार्यबाट राष्ट्रसंघ स्तब्ध भएको टिप्पणी गरेका छन् ।

उनले प्रतिकूल वातावरणको बाबजुद पनि संयुक्त राष्ट्रसंघको शान्ति मिसनले आफ्नो जनादेश पूरा गर्न कुनै कसर बाँकी नराख्ने बताएका हुन् । सन् २०१२ देखि, माली सुरक्षा, राजनीतिक र आर्थिकस्तरमा गहिरो बहुपक्षीय संकटमा फसेको छ । स्वतन्त्रता विद्रोह, जिहादी आक्रमण र




अन्तरसाम्प्रदायिक हिंसाले पश्चिम अफ्रिकी राष्ट्रमा हजारौंको ज्यान लिएको छ भने सयौं हजारौं विस्थापित भएका छन् ।

**महासचिव गुटेरेसद्वारा निन्दा**

यसैबीच संयुक्त राष्ट्रसंघका महाचिव एन्टोनियो गुटेरेसले मालीमा राष्ट्रसंघीय शान्ति सैनिकमाथि भएको आक्रमणको कडा शब्दमा निन्दा गरेका छन् । उनले शुक्रबार मालीमा गस्ती गरिहेको राष्ट्रसंघीय शान्ति सैन्यमाथि भएको आक्रमणको निन्दा गरेका हुन् ।

महासचिव गुटेरेसले एक विज्ञप्ति निकालेर मृतकका शोक सन्तप्त परिवारका साथै नाइजेरियाको सरकार र जनताप्रति समवेदना व्यक्त गरेका छन् । उनले राष्ट्रसंघीय सैनिकलाई निशाना बनाएर आक्रमण गर्दा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत युद्ध अपराध हुने स्मरण गराउँदै माली सरकारलाई जघन्य आक्रमणका दोषीलाई पहिचान गरी तत्काल न्यायको दायरामा ल्याउन आग्रह गरेका छन् ।

सन् २०१२ देखि मालीमा सशस्त्र विद्रोह भइरहेको छ । जारी हिंसात्मक विद्रोहमा हजारौं मारिएका छन् भने लाखौं घर छोडेर भागेका छन् । मालीमा शान्ति कायम गर्न सन् २०१३ देखि शान्ति सेना तैनाथ गरिएको छ । द्वन्द्वग्रस्त देशमध्ये विश्वको सबैभन्दा जोखिमपूर्ण स्थान मालीमा १५ हजार २०० शान्ति सेनाका जवान क्रियाशील छन् । हालसम्म त्यहाँ दुई शान्ति सेनाको मृत्यु भएको छ । *रासस/सिन्ह्वा*


## प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड

PRABHU CABLE CAR & TOURISM LIMITED

का.जि.का.म.न.पा. ३१, काठमाडौं

**शिलबन्दी बोलपत्र आह्वान्को सूचना**

**प्रथम पटक प्रकाशित मितिः पौष ०३, २०७९**

यस कम्पनीको काठमाडौं वडा नं.३१ मा केन्द्रीय कार्यालय निर्माण तथा आन्तरिक बनावट, सजावट सम्बन्धी कार्यको लागि शिलबन्दी बोलपत्र आह्वान् गरिएको छ ।

**शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी जानकारी**

१. उक्त कार्यका लागि बोलपत्र फाराम रु.५००/- मा प्राप्त गर्न सकिनेछ । उक्त रकम फिर्ता हुने छैन ।
२. उक्त कार्यालयको निर्माण तथा आन्तरिक सजावट गर्नका लागि कबुल गरिएको रकमको ५ प्रतिशतले हुन आउने धरौटी वापतको रकम नगद वा सो रकम बराबरको भुक्तानीको लागि योग्य (Good for Payment) चेक बोलपत्र फारामका साथ पेश गर्नुपर्ने छ ।
३. बोलपत्र फारामको हरेक पानामा फर्म/कम्पनीको छाप तथा दस्तखत गरी जम्मा लागत खर्च स्पष्टसँग अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ ।
४. बोलपत्र फाराम आजको मितिबाट ७ दिनभित्र कम्पनीको ईमेल ठेगानामा बुझाउनु पर्नेछ ।
५. प्राप्त बोलपत्र फारामहरू आजको मितिबाट आठौं दिनको दिन बिहान ११ बजे कम्पनीको कार्यालयमा बोलपत्र पेश गर्ने फर्म/कम्पनीका प्रतिनिधि तथा यस कम्पनीका प्रतिनिधिहरूको उपस्थितिमा खोलिनेछ । यद्यपि बोलपत्र पेश गर्ने कम्पनीका प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र फाराम खोल्न बाधा पर्ने छैन । बोलपत्र फाराम बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सोही समयलाई उक्त समय मानिनेछ ।
६. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृति गर्ने तथा कारण जनाई वा नजनाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा निहीत रहनेछ ।
७. प्रस्तावित् कार्यालय निर्माणको रकम मूल्य अभिबृद्धि कर (Vat) सहित अधिकतम् रु.९९,४४,०००/- (अक्षेरुपी उनान्शय लाख चौवालिस हजार रूपैया) मात्र नबढाई बोलपत्र फाराम भर्नु पर्नेछ ।
८. रित नपुगी पेश भएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

**बोलपत्र पेश गर्दा निम्न बमोजिमका कागजातहरू पेश गर्नुपर्नेछ**

१. बोलपत्र दाता फर्म/कम्पनीको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता, स्थायी लेखा नं.को प्रमाणपत्र लगायतका सम्पूर्ण विवरण ।
२. विगतमा बोलपत्रबाट सम्पन्न गरिएका परियोजनाको विवरण ।
३. आ.व.२०७७/०७८ को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला ।

**प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड**

**E-mail : prabhucablecar@gmail.com, prabhuukpbl@gmail.com**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ९९९०० | प्रति तोला – ९९४०० | प्रति तोला – १३७० |

## मध्यमस्र्याङ्दीमा उत्पादन घट्दै

**लमजुङ (प्रस)–** जिल्लामा रहेको मध्यमस्र्याङ्दी जलविद्युत् आयोजनाको विद्युत् उत्पादन घट्न थालेको छ। आयोजनामा आवश्यक पानी कम हुँदै गएपछि विद्युत् उत्पादन घट्न थालेको हो। बेँसीसहर नगरपालिका-१ दलालस्थित ७० मेगावाट क्षमताको मध्यमस्र्याङ्दी जलविद्युत् केन्द्रमा कूल क्षमताभन्दा करिब २१/२२ मेगावाट नै विद्युत् उत्पादन घटेको छ।

मस्र्याङ्दी नदीमा पानी कम हुन थालेसँगै आयोजनाको विद्युत् घट्दा यतिबेला दैनिक ४८/४९ मेगावाटको हाराहारीमा बिजुली उत्पादन भइरहेको केन्द्रप्रमुख पवन बस्नेतले बताए। उनले भने, 'एक महिनाअघि सम्म नदीको पानी बढी भएर खेर जान्थ्यो तर अहिले सबै पानी प्रयोग गरे पनि उत्पादन घटिरहेको छ।' अझै दुई महिनासम्म निरन्तर बिजुली उत्पादन घट्दै जाने उनको भनाइ छ। यहाँ आयोजना ३५/३५ मेगावाट क्षमताको दुईवटा टर्बाइन गरी ७० मेगावाट क्षमताको आयोजना हो।

आगामी फागुन महिनाको अन्तिमसम्म पुग्दा विद्युत् उत्पादन निकै कम हुने उक्त आयोजनाले जनाएको छ। विगतको वर्षहरूमा विद्युत् उत्पादन घटेर २६ मेगावाटसम्म पुग्ने गरेको थियो। सन् २००० मा निर्माण कार्य सुरु भई सन् २००८ मा निर्माण कार्य सम्पन्न भएलगत्तै आयोजनाबाट विद्युत् उत्पादन थालेको थियो। रु २७ अर्ब २० करोड लागतमा आयोजना निर्माण भएको थियो।

## १० वर्षभित्र सातै प्रदेशमा केवलकार चलाउँछौं : ढकाल

■ प्रभाव संवाददाता



**बुटवल–** नेपाल उद्योग बाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष चन्द्र ढकालले अबको १० वर्षभित्र सातवटै प्रदेशमा केवलकार निर्माण गर्ने लक्ष्य अगाडि सारेका छन्। नेपाल युवा उद्यमी मञ्च रूपन्देहीले शनिबार आयोजना गरेको युवा उद्यमी सम्मेलन कार्यक्रममा ढकालले यस्तो बताएका हुन्।

चन्द्रागिरी हिल्स प्रालि तथा लुम्बिनी केवलकार प्रालिका अध्यक्ष समेत रहेका ढकालले आफ्नो कम्पनीले १० वर्षभित्र सातवटै प्रदेशमा केवलकार निर्माण गरी सञ्चालनमा ल्याउने बताए।

उनले आगामी तीन महिनाभित्र बुटवलमा निर्माण भैरहेको लुम्बिनी केवलकार सञ्चालनमा आउने पनि जानकारी दिए। 'बुटवलमा बनिरहेको केवलकार तीन महिनाभित्रै सञ्चालनमा आउँछ,' उनले भने।

बुटवलको गोलपार्कदेखि पाल्पाको वसन्तपुर डाँडासम्ममा हाल निर्माणाधीन अवस्थामा रहेको लुम्बिनी केवलकार दुई महिनाभित्र भौतिक संरचना निर्माण सम्पन्न हुने ढकालले जानकारी दिए। दुई महिनामा भौतिक संरचना निर्माण पश्चात तीन महिनामा अन्य प्राविधिक चेक जाँच सम्पन्न हुने र त्यसपश्चात केवलकार सञ्चालन हुने उनको भनाइ रहेको छ।

ढकालले बुटवलमा केवलकार निर्माणपछि भारतीय पर्यटकहरूको चाप बढ्ने बताए। उनले वसन्तपुर डाँडामा स्तरीय होटलसहित कामेश्वर महादेव भगवानको मन्दिर समेत निर्माण गरिने बताए।

नेपालमा अहिले विशेषगरी चार वटा स्थानमा केवलकार सञ्चालनमा छन्। नेपालमा पहिलो पटक ०५५ सालमा मनकामना केवलकार सञ्चालनमा आएको थियो। चितवनको कुरिनटारको चेरेबाट गोरखाको मनकामना मन्दिरसम्म २.८ किलोमिटरको लामो केबलकारबाट प्रत्येक वर्ष हजारौं पर्यटक तथा भक्तजन मनकामना पुग्ने गर्छन्।

मनकामना केबलकार बनेको १७ वर्षपछि सञ्चालनमा आएको अर्को केवलकार हो, चन्द्रगिरी केवलकार। उपत्यकाभित्रै निर्माण भएको केवलकार २०७३ सालबाट सञ्चालनमा आएको थियो।

## साढे पाँच हजार उद्योगमा विदेशी लगानी स्वीकृत

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपालमा हालसम्म साढे पाँच हजारभन्दा बढी उद्योगमा विदेशी लगानी स्वीकृत भएकामा पर्यटन र सेवामूलक क्षेत्रका उद्योगमा तुलनात्मक रूपमा बढी लगानी भएको देखिएको छ।

उद्योग विभागको 'विदेशी लगानीसम्बन्धी मासिक प्रगति विवरण'अनुसार गत कात्तिक मसान्तसम्म वैदेशिक लगानी भित्र्याउने उद्योगहरूमध्ये सेवा र पर्यटन क्षेत्रका उद्योगको संख्या मात्रै आधाभन्दा बढी छन्। विभागको विवरणअनुसार गत कात्तिक मसान्तसम्म पाँच हजार छ सय २८ उद्योगका लागि आएको वैदेशिक लगानी प्रस्ताव स्वीकृत भइसकेको छ। यी उद्योगमा हालसम्म कूल रु चार खर्ब ३० अर्ब ८६ करोड ९७ लाख ५८ हजार बराबरको वैदेशिक लगानी स्वीकृत भइसकेको विभागको तथ्याङ्कबाट देखिन्छ। गत कात्तिकमा मात्र विभागले रु तीन अर्ब ६५ करोड बराबरको वैदेशिक लगानी स्वीकृत गरेको थियो।

यद्यपि, लगानी प्रस्ताव गरेका उद्योगको संख्या र रकम भने निकै बढी छ। गत असार मसान्तसम्ममा मात्र आठ हजार सात सय ६४ उद्योगका लागि कूल रु २६ खर्ब २७ अर्ब बराबरको लगानी प्रस्ताव भएको देखिन्छ। तर वैदेशिक लगानी प्रस्तावको तुलनामा लगानी स्वीकृत भएको रकम भने १६ प्रतिशत बराबर मात्रै हो।

लगानी स्वीकृत भएकामध्ये सेवामूलक र पर्यटनका क्षेत्रका उद्योग बढी छन्। गत कात्तिक मसान्तसम्ममा सेवामूलक क्षेत्रमा एक हजार आठ सय ६७ र पर्यटन क्षेत्रमा एक हजार आठ सय ५५ प्रस्ताव स्वीकृत भइसकेको विभागले जनाएको छ। त्यस्तै, हालसम्म प्रस्ताव स्वीकृत भएका उत्पादनमूलक उद्योग एक हजार दुई सय ६९, ऊर्जामूलक उद्योग ९१, कृषिमूलक दुई सय ९५, खनिजमूलक ७२, पूर्वाधार उद्योग ५५ र सूचना प्रविधि उद्योग एक सय २४ छन्।

हालसम्म वैदेशिक लगानी स्वीकृत भइसकेका उद्योगमध्ये ठूला उद्योग तीन सय २३, मझौता उद्योग छ सय २२ र साना उद्योग चार हजार छ सय ८३ छन्। त्यस्तै, हालसम्म वैदेशिक लगानी भित्रिएका साढे पाँच हजारभन्दा बढी कम्पनीबाट दुई लाख ९७ हजार नौ सय ३५ जनाले रोजगारी पाएको पनि विभागको विवरणमा उल्लेख छ।

विदेशी लगानीकर्ता वा निजको आधिकारिक प्रतिनिधि र उनीहरूको परिवारका सदस्यलाई विदेशी लगानी स्वीकृत भएपछि लगानीका आधारमा उद्योग विभागले व्यावसायिक राहदानी उपलब्ध गराउँदै आएको छ। विभागले गत कात्तिकमा मात्र चार सय ५९ विदेशीलाई राहदानीका लागि सिफारिस गरेको देखिन्छ। नेपालमा वैदेशिक लगानी गरेका लगानीकर्ता तीन सय ३७, वैदेशिक लगानीकर्ताका प्रतिनिधि तीन र आश्रित भिसा ८९ जनालाई उपलब्ध गराइएको विभागले जनाएको छ। विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ अनुसार रु ६ अर्ब सम्मको विदेशी लगानी उद्योग विभागबाट स्वीकृत हुन्छ। त्योभन्दा माथिको लगानी भने लगानी बोर्डको कार्यालयले स्वीकृत गर्ने प्रावधान रहेको छ।

## घिरिङ सवस्टेसन सम्पन्न

■ प्रभाव संवाददाता

**तनहुँ–** तनहुँको घिरिङ गाउँपालिका वडा नं ४ मा ३३/११ केभीको घिरिङ सबस्टेसनको निर्माण सम्पन्न भएको छ। नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनी तनहुँ हाइड्रोपावर लि.ले निर्माण गरिरहेको १४० मेगावाटको तनहुँ जलविद्युत आयोजनाको सामाजिक विकास कार्यक्रमअन्तर्गत घिरिङ सबस्टेसन निर्माण गरिएको छ।

सामाजिक विकास कार्यक्रमअन्तर्गत आयोजना प्रभावित तनहुँ जिल्लामा विद्युतीकरण गर्न र विद्युत आपूर्तिलाई पर्याप्त, भरपर्दो तथा गुणस्तरीय बनाउन सबस्टेसन निर्माण गरिएको हो। प्राधिकरणको आयोजना व्यवस्थापन निर्देशनालयमार्फत कार्यान्वयन भएको 'तनहुँ ग्रामिण विद्युतीकरण तथा वितरण प्रणाली सुदृढीकरण आयोजना'मार्फत तनहुँको शुक्लागण्डकी नगरपालिका-५ स्थिति खैरेनीटार सबस्टेसनबाट घिरिङसम्म १९ किलोमिटर ३३ केभी प्रसारण लाइन निर्माण गरिएको छ।

घिरिङ सबस्टेसनमा ६/८ एमभिए क्षमताको पावर ट्रान्सफर्मर राखिएको छ। स्थानीय रूपमा विद्युत आपूर्तिका लागि सबस्टेसनबाट ११ केभीका तीन वटा फिडर लाइन निकालिएको छ। ११ केभीको एउटा फिडर लाइन जगेडामा राखिएको छ। सबस्टेसनमार्फत तनहुँका भिमाद नगरपालिका तथा घिरिङ गाउँपालिको सम्पूर्ण क्षेत्र र ऋषिङ गाउँपालिका तथा नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को केही भागमा विद्युत आपूर्ति हुने छ। यसबाट त्यस क्षेत्रका उपभोक्ताहरूले भरपर्दो र गुणस्तरीय विद्युत आपूर्ति पाउने छन्।

आयोजनाअन्तर्गत नै तनहुँको बन्दीपुर गाउँपालिका वडा नं ६ मा ३३/११ केभीको सबस्टेसन निर्माणा अन्तिम चरणमा छ। यसैगरी, तनहुँको मार्कीचोक सबस्टेसनदेखि डुम्रेसम्मको ३३ केभी प्रसारण लाइनलाई बन्दीपुर गाउँपालिका वडा नं ५ याम्पाफाँटमा ट्यापिङ गरी सराङघाट सबस्टेसनसम्म पुर्याउने ३३ केभी लाइनको निर्माण पनि अन्तिम चरणमा छ। आयोजना अन्तर्गत तनहुँ जिल्लाका विभिन्न ठाउँहरूमा विभिन्न क्षमताका ७० वटा नयाँ वितरण ट्रान्सफर्मरहरू जडान र ११ केभी लाइन निर्माण गरिएको छ।

दुईवटा सबस्टेसन निर्माण तथा तनहुँको विद्युतीकरणका लागि इष्ट इन्डिया उद्योग/वाइवा इन्फ्राटेक जे.भी.सँग २०७५को मंसिरमा ठेक्का सम्झौता भएको थियो। ग्रामिण विद्युतीकरण अर्न्तगतका सम्पूर्ण कार्यहरूचालू आर्थिक वर्षभित्रमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। नेपाल सरकार तथा विद्युत प्राधिकरणको लगानी र एसियाली विकास बैंकको सहुलितपूर्ण ऋणमा आयोजना कार्यान्वयनमा ल्याइएको हो।

## 'सुनकोसी-तेस्रो' आयोजनाको इआइए स्वीकृत

■ राजकुमार पराजुली



**काभ्रेपलाञ्चोक–** 'सुनकोसी-तेस्रो' (६ सय ८३ मेघावाट) जलाशययुक्त विद्युत् आयोजनाको वन मन्त्रालयले वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) स्वीकृत गरेको छ। काभ्रेपलाञ्चोक भएर बग्ने सुनकोसी नदीमा निर्माण हुने आयोजनाको इआइए स्वीकृत भएपछि निर्माणको बाटो खुलेको छ।

मन्त्रालयद्वारा गत कात्तिक अन्तिम साता इआइए स्वीकृत भएपछि आयोजनाको थप प्रक्रिया अघि बढाइने ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ। मन्त्रालयको विद्युत् विकास विभागका इन्जिनियर सुवास थपलियाका अनुसार आयोजना निर्माणका लागि चार हजार १३ हेक्टर जमिन आवश्यक पर्ने देखिएको छ। गत जेठमा आयोजनाको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको विद्युत् विकास विभागले अध्ययन सकेर वन तथा वातावरण मन्त्रालयमा प्रतिवेदन पेस गरेको थियो।

अध्ययनबाट आयोजना क्षेत्रअन्तर्गत काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, सिन्धुली र रामेछाप जिल्लाका करिब १६ सय परिवार विस्थापित हुने अध्ययनले देखाएको छ। उनका अनुसार आयोजनाको विसं २०७४ देखि अध्ययन सुरु गरिएको थियो। काभ्रेपलाञ्चोकको तेमाल गाउँपालिकाका आठवटा वडा बाँध, विद्युत्गृह र डुबान क्षेत्र पर्नेछ भने रामेछापको खाँडादेवी गाउँपालिका बाँध र डुबान क्षेत्र तथा अन्य जिल्लाको प्रभावित क्षेत्र डुबान क्षेत्रमा पर्ने अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ।

आयोजनाबाट सिन्धुपाल्चोकको तीन गाउँपालिका र दुई नगरपालिका, काभ्रेपलाञ्चोकको तीन गाउँपालिका र दुई नगर, रामेछापको दुई गाउँपालिका र सिन्धुलीको एक गाउँपालिकाका बासिन्दा प्रभावित हुने जनाइएको छ।

इन्जिनियर थपलियाका अनुसार सुनकोसी-तेस्रो जलविद्युत् आयोजनाको 'डिजाइन ड्रइङ,' भौगर्भिक सर्भे, टोपोग्राफी सर्भे, योजनाको लागत अनुमानसहित इआइए तथा जैविक, आर्थिक सामाजिक, अध्ययन गरी मस्यौदा प्रतिवेदन निर्माण गरिएको थियो। साथै, आयोजनाको प्राविधिकतर्फको सर्वे, भौगर्भिक अध्ययन तथा आयोजना सेरोफेरोका चट्टानलगायत अन्य अवस्थाबारे इन्जिनियरिङ डिजाइनको कामसमेत सकिएको जनाइएको छ।

यस्तै भौतिक, जैविक तथा सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रसँग सम्बन्धित सवालका विषयमा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा 'राय-सुझाव' लिइसकेर इआइए तयार गरिएको छ। विभागका अनुसार गत वर्ष माघमा वन मन्त्रालयमा पठाइएको इआइए प्रतिवेदन गत कात्तिक अन्तिम साता वनमन्त्री समेतको जिम्मेवारी सम्हालेका प्रधानमन्त्री शेरबहादुर देउवा समेतको निर्णयबाट स्वीकृति भएको हो। नेपाल र बङ्गलादेशबीच सो आयोजना निर्माण गर्न गत भदौमा नेपाल र बङ्गलादेशबीच ऊर्जा सहकार्यका लागि गठित सचिवस्तरीय संयुक्त सञ्चालन समिति (जेएससी)को बैठकमा जलविद्युत् आयोजना प्रवर्द्धन गर्न संयुक्त कम्पनी निर्माण गर्ने सहमति भएको थियो। नेपाल विद्युत् प्राधिकरण र बङ्गलादेश पावर डेलभमेन्ट बोर्डबीच संयुक्त कम्पनी स्थापना गरेर आयोजना अघि बढाउने सहमतिसमेत भएको छ।

त्यतिबेला बङ्गलादेश पक्ष दुई महिनाभित्र आयोजनाको सम्भाव्यतासम्बन्धी अध्ययन तथा वातावरणीय अध्ययन प्रतिवेदनको पुनरावलोकन गरी त्यसपछिका चार महिनाभित्र संयुक्त कम्पनी स्थापना गर्न तयार भएको थियो। गत भदौमै बङ्गलादेशको टोलीले आयोजनाको स्थलगत भ्रमणसमेत गरेको थियो। वन मन्त्रालयले प्रतिवेदन पास गरेलगत्तै आयोजना निर्माणको प्रक्रियातर्फ अघि बढ्ने जनाइएको छ।

विभागले गरेको सम्भाव्यता अध्ययनअनुसार उक्त जलाशययुक्त आयोजना निर्माण सम्पन्न गर्न रु एक खर्ब ६० अर्ब लाग्ने अनुमान गरिएको छ। 'योजनाको लागत अनुमान अध्ययनका क्रममा उक्त परिमाणको देखिएको हो,' थपलियाले भने। उनका अनुसार विभागले सम्भाव्यता अध्ययनको काम सकेर योजनाबाट प्रभावित हुने जिल्लाका स्थानीय तहलाई मस्यौदा प्रतिवेदनमा छुटेको तथा स्थानीय तहले दिनुपर्ने राय-सुझावसमेत सङ्कलन गरिसकेको छ।

एक नेपाली र एक चिनियाँ परामर्शदाताले सुनकोसी-तेस्रोको टिओआर भने विसं २०७६ माघमै विद्युत् विकास विभागलाई बुझाइसकेका छन्। टिओआरमा प्राविधिकतर्फ 'इन्टेरियर डिजाइन'देखि सर्वेसम्मको काम सकिएको उल्लेख गरिएको छ।

उक्त आयोजनाका लागि नेपाल सरकारले विसं २०७८ भदौ अन्तिम साता बङ्गलादेशलाई निर्माणको प्रस्ताव गरेपछि जेएससीको बैठकमा अनुमोदन भएको थियो। बङ्गलादेश र नेपालबीच सन् २०१८ मा ऊर्जा क्षेत्रमा सहकार्यको सम्झौता भएपछि बङ्गलादेशले नेपालसँग एउटा राष्ट्रिय गौरवको आयोजना निर्माण गर्ने प्रस्ताव गर्दै आएको थियो।

परियोजनाअन्तर्गत सुनकोसी नदीमा काभ्रेपलाञ्चोकको तेमाल गाउँपालिका-९ को सिमाना र रामेछापको खाँडादेवी गाउँपालिका-१ लुभुघाटमा विद्युत् आयोजनाको बाँध निर्माण प्रस्ताव गरिएको छ। विभागले सुनकोसी तेस्रो र सुनकोसी दोस्रो आयोजनाको अध्ययनका लागि रु ३३ करोड बजेट विनियोजन गरेको थियो। हालसम्मको विविध अध्ययनबाट सुनकोसी दोस्रोभन्दा तेस्रोको सम्भावना देखिएको जनाइएको छ।

आयोजनाअन्तर्गत लुभुघाटस्थित नदीमा करिब चार सय ८४ मिटर लामो र एक सय ६६ मिटर उचाइको बाँध निर्माण गरी पाँच सय ७० घनमिटर प्रतिसेकेन्ड पानीलाई एक दशमलव एक किलोमिटर लामो र नौ मिटर ब्यास भएको सुरुङबाट लुभुघाटनजिक निर्माण गरिने विद्युत्गृहमा लगिनेछ भने लगभग पाँच सय ३६ मेघावाट विद्युत् उत्पादनपछि सो पानीलाई टेलरेसद्वारा पुनः सुनकोसी नदीमा खसालिनेछ। *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ